# गण्डकी प्रदेशको उपलब्धि र चुनौतिहरू

असार २०८२

फेडरलिजम् एण्ड लोकलाइजेसन सेन्टर
भैँसेपाटी, ललितपुर

# विषयसूची


कृतज्ञता २

कार्यकारी सारांश ३

१. पृष्ठभूमी ४

१.२ औचित्य तथा आवश्यकता ४

१.३ विधि र सीमा ५

२. प्रदेशको संस्थागत संरचना ५

३. विषयगत क्षेत्रगत आधारमा भएका उपलव्धि ६

४. प्रादेशिक अर्थतन्त्र १४

५. प्रदेश सभा सम्वन्धी विवरण १६

६. तहगत अन्तरसम्वन्ध १९

७. प्रमुख समस्या र चुनौती २१

८. निष्कर्ष र सुझाव २३

अनुसूची २५

## प्राक्कथन

गण्डकी प्रदेश सरकारको प्रारम्भिक संरचनागत विकासदेखि नीति निर्माण, बजेट निर्माण, कार्यक्रम कार्यान्वयन, तथा दीर्घकालीन रणनीतिगत दिशाको निर्धारणसम्मको यात्रा समेटिएको यस अध्ययनमूलक प्रतिवेदन तयार गर्ने क्रममा विभिन्न तह र निकायबीचको अन्तरसम्बन्ध र समन्वयपूर्ण प्रयास अत्यन्तै महत्वपूर्ण रह्यो।

अध्ययनका क्रममा मार्गदर्शन प्रदान गर्नुहुने माननीय मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेप्रति विशेष आभार प्रकट गर्दछौं । अध्ययनका क्रममा प्रमुख सचिव श्री रघुराम विष्ट, शोभकान्त पौडेल एवंम् खगेन्द्र प्रसाद सुवेदीको सहयोगले विषयगत एकरूपता र तथ्यगत विश्वसनीयता कायम गर्न सघाएको छ । नीति तथा योजना आयोगका उपाध्यक्ष तथा आयोगका सदस्यहरूबाट प्राप्त नीति निर्देशकीय सुझावहरू प्रतिवेदनका विश्लेषणलाई अझ सशक्त बनाउने आधार बनेका छन् ।

प्रदेश सरकारका विभिन्न मन्त्रालय, आयोग, कार्यालयहरूका पदाधिकारी तथा कर्मचारीहरूबाट प्राप्त तथ्याङ्क, विचार र सुझावहरूले प्रतिवेदनलाई तथ्यपरक बनाएको छ । साथै, स्थानीय तहहरू, सङ्घीय सरकारका सम्बन्धित मन्त्रालयहरू तथा अन्य संवैधानिक र सार्वजनिक संस्थाहरूबाट प्राप्त सहकार्यले तहगत समन्वयको उत्कृष्ट उदाहरण प्रस्तुत गरेको छ।

यस अध्ययन प्रतिवेदनमा तथ्य र तथ्याङ्कको शब्द, वाक्य र भाषा मिलाई प्रतिवेदन तयार गर्नमा सहयोग पुर्याउने गण्डकी प्रदेशका श्री सागर खनाल, संतोष ढुङ्गाना र जानकी शर्मा विशेष धन्यवादका पात्र हुनुहुन्छ। उहाँहरूको अनुसन्धान अनुभव,  गहिरो विश्लेषण क्षमता र प्रदेशप्रतिको संवेदनशील दृष्टिले यो प्रकाशनलाई गहनता र उपयोगिता प्रदान गरेको छ। यसैगरी, प्रतिवेदनलाई सम्पादन गरी पठनीय बनाउने संस्थाका बरिष्ठ कार्यक्रम संयोजक कृष्णकुमार साहलाई धन्यवाद व्यक्त गर्दछौं। अनुसन्धानको अवधारणादेखि तयार पार्नसम्म सहयोग गर्नुभएका सबै सरोकारवाला, प्रदेशका पदाधिकारी, निकायहरू, र सहकर्मीहरूलाई पनि फेडरलिजम् एण्ड लोकलाइजेसन सेन्टर हार्दिक आभार प्रकट गर्दछ।

हामी आशा गर्छौं,  यो अध्ययन कोशी प्रदेशको शासन अभ्यासबारे जान्न चाहने सबैका लागि मार्गदर्शक दस्तावेज हुनेछ। सङ्घीयताको संस्थागत सबलीकरण, उत्तरदायी सरकार र समावेशी विकासप्रति केन्द्रित यस्ता प्रयासहरू भविष्यमा पनि निरन्तर भइरहुन भन्ने हाम्रो कामना छ।

**फेडरलिजम् एण्ड लोकलाइजेसन सेन्टर**
**भैँसेपाटी, ललितपुर ।**
**२०८२, असार**

## कार्यकारी सारांश

गण्डकी प्रदेशले सङ्घीयता कार्यान्वयनको सात वर्षको अवधिमा कानुनी, संस्थागत, आर्थिक तथा सामाजिक संरचनालाई विस्तार गर्दै सङ्घीय शासन व्यवस्थालाई मजबुत बनाउने प्रयास गर्दै आएको छ । प्रदेश एवम् स्थानीय तहका अधिकारक्षेत्र अनुकूल कार्यान्वयनको मार्गप्रशस्त गर्न प्रदेशले करिब ७० ऐन जारी गरेको छ । प्रदेशमा पहिलो पञ्चवर्षीय योजनाका उपलब्धिहरूको समीक्षा गरी आत्मनिर्भर र समुन्नत प्रदेश: सुखी प्रदेशवासीको परिकल्पनासहित दोस्रो पञ्चवर्षीय योजना कार्यान्वयनमा रहेको छ ।

प्रदेशमा विभिन ९ वटा मन्त्रालय, विभिन्न निर्देशनालयहरू, आयोग, प्रतिष्ठान, लगायतका संस्थागत संरचना रहेका छन् । प्रदेश लोक सेवा आयोगले २,९५० कर्मचारीको नियुक्ति सिफारिस गरेको छ । आर्थिक प्रशासन सुधार गर्न आयोजना बैंक प्रणाली सञ्चालनको कानुनी प्रारुप तयारी, बजेट कोडिङ, तथा आन्तरिक राजस्व परिचालन प्रवर्द्धन गरेको छ। आर्थिक वर्ष २०७५/७६ देखि निरन्तर रूपमा प्रदेश सरकार राजस्व बचतमा रहेको छ। आन्तरिक स्रोत सँगै राजस्व बाँडफाँट र अनुदान वापत संघबाट प्राप्त स्रोतको परिचालनबाट प्रादेशिक प्राथमिकताका पूर्वाधार, शिक्षा, स्वास्थ्य, कृषि तथा सामाजिक क्षेत्रमा लगानी गरेको छ।

महत्त्वपूर्ण उपलब्धिहरूका रूपमा यातायात पूर्वाधार क्षेत्रमा करिब २,००० कि.मि. सडक, १०४ वटा सडक पुल, र ८४ वटा झोलुङ्गे पुल निर्माण सम्पन्न भएको छ । सामाजिक क्षेत्रमा साक्षर गण्डकी प्रदेश घोषणा, आधारभूत खानेपानी पहुँच ९४.२५ प्रतिशत, विद्युत पहुँच ९९.५० प्रतिशत, तथा स्वास्थ्य संस्थाहरूको सङ्ख्या १,१८१ पुगेको छ। पर्यटन प्रवर्द्धनका लागि पोखरा पर्यटन राजधानी घोषणा भएको छ। प्रदेश सरकारले जलविद्युत्, कृषि, पर्यटन, र औद्योगिक विकासलाई प्राथमिकता दिँदै दिगो आर्थिक समृद्धिका लागि नवप्रवर्तनमा आधारित उद्यमशीलता प्रवर्द्धन गर्दै आएको छ।

प्रदेश विकासमा केही चुनौतीहरू छन् । वित्तीय स्रोत परिचालनको सीमितता, विकास परियोजनाहरूको व्यवस्थापनमा कमजोरी, दक्ष जनशक्ति अभाव, अन्तरसरकारी समन्वयको अस्पष्टता तथा कानुनी र नीतिगत अप्ठ्यारा प्रमुख समस्या रहेका छन्। यी चुनौतीहरू समाधान गर्न स्रोत परिचालन चुस्तता, खर्च दक्षतामा अभिवृद्धि, प्रविधि-मैत्री प्रशासन, नीतिगत स्थायित्व एवं नतिजा केन्द्रित योजनामा प्राथमिकता दिनुपर्ने देखिन्छ।

सङ्घीय संरचनाको आधारमा अन्तरतह समन्वय मजबुत बनाउन प्रदेश सरकारले राष्ट्रिय समन्वय परिषद्, अन्तर प्रदेश मुख्यमन्त्री बैठक, तथा प्रदेश समन्वय परिषद् मार्फत नीति समन्वय र साझा विकास योजनामा साझेदारी एवं आवश्यक नेतृत्व गरेको छ। स्थानीय तहहरूसँगको साझेदारीलाई प्रभावकारी बनाउन प्रदेश सरकारले विभिन्न नीति तथा कानुनी संरचनाहरू निर्माण तथा संशोधन

गरेको छ। सङ्घीयताको मर्मअनुसार स्थानीय तहहरूसँग सहकार्य गर्दै सहकारिता, सहअस्तित्व, र समन्वयको सिद्धान्तलाई व्यवहारिक रूपमा कार्यान्वयन गर्दै समृद्ध गण्डकी प्रदेश निर्माणको दिशामा प्रदेश सरकार निरन्तर अग्रसर छ ।

# १. परिचय

## १.१ पृष्ठभूमी[1]

भौगोलिक अवस्थितिलाई हेर्दा गण्डकी प्रदेश २७°२०' देखि २९°२०' सम्म उत्तरी अक्षांश र ८२° ५२' देखि ८५° १२' सम्म पूर्वी देशान्तरकाबीच रहेको छ। यस प्रदेशको सबैभन्दा अग्लो भू-भागको रूपमा धौलागिरी हिमाल (८१६७ मिटर) र होचो भू-भागको रूपमा नवलपरासी त्रिवेणी धाम क्षेत्र (समुद्र सतहबाट १०३ मिटर) रहेको छ। नेपालको कुल क्षेत्रफल १,४७,१८१ वर्ग कि.मि. मध्ये गण्डकीले २१,५०४ वर्ग कि.मि. अर्थात् १४.६१% क्षेत्रफल ओगटेको छ ।

*चित्र १ : गण्डकी प्रदेशको नक्सा*




स्रोत : https://bihadimun.gov.np/Map_Of_Gandaki_Province_Nepali

यस प्रदेशमा साबिकका धौलागिरी अञ्चलका ४ जिल्ला म्याग्दी, मुस्ताङ, पर्वत र बागलुङ, गण्डकी अञ्चलका ६ जिल्ला गोरखा, लमजुङ, मनाङ, स्याङ्जा, कास्की र तनहुँ र लुम्बिनी अञ्चलको नवलपरासी जिल्लाको बर्दघाट सुस्ता पूर्वको भू-भाग समेटी कुल ११ जिल्ला रहेका छन्। गण्डकी प्रदेशमा १ महानगरपालिका, २६ नगरपालिका र ५८ गाउँपालिका गरी जम्मा ८५ स्थानीय तह रहेका छन् ।त्यस्तै यस प्रदेशबाट प्रतिनिधि सभा सदस्य निर्वाचनका लागि १८ निर्वाचन क्षेत्र र प्रदेश सभा सदस्य निर्वाचनका लागि ३६ निर्वाचन क्षेत्र रहेका छन् । प्रत्यक्ष र समानुपातिक गरी कुल ६० सदस्यको गण्डकी प्रदेशसभा छ ।

यो प्रदेश नेपाल राज्यको करिब मध्य भागमा पर्दछ। नेपालकै सबैभन्दा ठुलो महानगरपालिकाको रूपमा रहेको पोखरा महानगरपालिका समेत यस प्रदेशमा रहेको छ। २०७८ सालको जनगणना अनुसार यस प्रदेशको जनसङ्ख्या २४,६६,४२७ रहेको छ, जुन मुलुकको कुल जनसङ्ख्याको ८.४६ प्रतिशत हो । प्रदेशको जनसङ्ख्यामध्ये ५२.३% महिला छन् भने लैङ्गिक अनुपात ९०.३७ रहेको छ । यो प्रदेशमा ६,६२,४८० परिवारको बसोबास रहेको छ जहाँ औसत परिवार आकार मात्र ३.८९ (अन्य प्रदेशको तुलनामा सबैभन्दा कम) छ । उक्त परिवारमध्ये एकल परिवार ६३.२ प्रतिशत र संयुक्त परिवार ३६.८ प्रतिशत छन् । वार्षिक जनसङ्ख्या वृद्धिदर ०.२५ प्रतिशत रहेको छ जुन सातवटै प्रदेशमध्ये सबैभन्दा कम हो । यस प्रदेशको जनघनत्व ११५ प्रति वर्ग कि.मि.रहेको छ। कुल १०६ जातजाति बसोबास गर्ने यस प्रदेशमा सबैभन्दा बढी ब्राम्हण (२०.०%), मगर (१८.८%), क्षेत्री (१३.१%), गुरुङ (११.०%), र विश्वकर्मा (९.३%) रहेका छन्।

[1] पृष्ठभूमि खण्ड राष्ट्रिय जनगणना २०७८ प्रदेशस्तरीय जनसाङ्ख्यिक प्रतिवेदन, २०८१को आधारमा तयार गरिएको छ ।

प्रदेशमा कुल ७३ ओटा मातृभाषा बोलिन्छन् जसमा सबैभन्दा धेरै नेपाली (७३.४%) र दोस्रोमा मगर ढुट (९.६%) तथा तेस्रोमा गुरुङ (८.४%) रहेका छन्। त्यसैगरी प्रदेशको जनसङ्ख्याको ८२.२% हिन्दु तथा ११.५% बौद्ध धर्मावलम्बीहरू यस प्रदेशमा बसोवास गर्दछन्।

यो प्रदेशको समग्र साक्षरता दर ८१.७ प्रतिशत रहेको छ जहाँ पुरुषको साक्षरता दर ८८.८ प्रतिशत र महिलाको साक्षरता दर ७५.३ प्रतिशत रहेको छ जबकि ५ देखि १७ वर्षका बालबालिकाको समग्र साक्षरता दर करिब ९८ प्रतिशत रहेको छ ।

ग्रामीण तथा सहरी क्षेत्रको श्रेणीगत वर्गीकरणअनुसार गण्डकी प्रदेशमा ५०.६ प्रतिशत जनसङ्ख्या ग्रामिण, २३.१ प्रतिशत जनसङ्ख्या अर्धशहरी र २६.२ प्रतिशत जनसङ्ख्या शहरी क्षेत्रमा बसोबास गर्दछन् ।

यो प्रदेशको कुल प्रजनन् दर १.५४ रहेको छ भने औसत आयु ७२.१ वर्ष (पुरुषको ६८.१ वर्ष र महिलाको ७५.४ वर्ष) रहेको छ। यस प्रदेशमा अझैपनि बालविवाहको दर ११.९ प्रतिशत (पुरुषको ३.५% र महिलाको १९.०%) रहेको छ ।

नेपालको संविधानले नेपालको संरचना सङ्घ, प्रदेश र स्थानीय गरी तीन तहको हुने भनी सो अनुरूप गरेका संवैधानिक तथा कानूनी व्यवस्था बमोजिम प्रदेशको स्थापना भएको हो। २०७४ मंसिर महिनामा निर्वाचन सम्पन्न भई २०७४ माघ २२ गते प्रदेश सभाको पहिलो बैठक बसेको थियो भने प्रदेश सभाबाट २०७४ फागुन ०४ गते पहिलो पटक प्रदेश सरकारको गठन भएको थियो। प्रदेश सभाले मिति २०७५ साल असार १८ गते कास्की जिल्लाको पोखरालाई प्रदेशको राजधानी कायम गरेको थियो भने मिति २०७५ साल असार २२ गते यस प्रदेशको नामलाई “गण्डकी प्रदेश” नामाकरण गरेको हो।

गण्डकी प्रदेशले पहिलो पञ्चवर्षीय योजनाको समीक्षा गरी नेपालको दीर्घकालिन सोच २१०० तथा सोह्रौं योजनासँग तादात्म्यता हुने गरी “आत्मनिर्भर र समुन्नत प्रदेशः सुखी प्रदेशवासी” को सोच सहितको प्रदेशको उच्च आर्थिक वृद्धि, सन्तुलित र दिगो विकासका लागि आफ्नो दोस्रो पञ्चवर्षीय योजना (आ.व.२०८१/८२- २०८५/८६) कार्यान्वयनमा ल्याएको छ।

## १.२ औचित्य तथा उद्देश्य

सङ्घीयताको अभ्याससँगै प्रदेश सरकारको उपस्थितिले तहगत समन्वय सहज भएको छ। प्रदेश र स्थानीय तहको अधिकारको सूची अध्ययन गर्दा प्रदेशहरू विकास निर्माणका कार्यमा मुख्य भूमिकामा रहने र स्थानीय तह सेवा प्रवाहको प्रमुख संयन्त्र रहने व्यवस्था रहेको छ ।[2] कोभिड-१९ जस्ता महामारीजन्य प्रकोप तथा विपद् व्यवस्थापनका क्रममा स्थानीय तहसम्म राहत तथा पुनःस्थापनाका कार्य प्रभावकारी भएको छ । प्रविधिको विकास र विस्तार, सूचना व्यवस्थापन र प्राविधिक ज्ञानको प्रसारमा समेत प्रदेश सरकारको भूमिका महत्त्वपूर्ण छ ।

---

[2] राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग जानकारी पुस्तिका, २०७५

संविधान तथा कानून वमोजिम प्राप्त अधिकारको दायरामा रहेर यस अवधिमा प्रदेश सरकारले भौतिक पूर्वाधार तथा सामाजिक विकास, कानूनी संरचना निर्माण, तहगत अन्तरसम्बन्ध विकास लगायतका बहुआयामिक क्षेत्रमा महत्वपूर्ण उपलब्धि हासिल गरेको छ। तर, यसको व्यवस्थित रूपमा अध्ययन र विश्लेषण भएको छैन।

प्रदेश सरकार सञ्चालनका विभिन्न स्तरमा देखा परेका समस्याहरूको बारेमा अध्ययन गरी तिनका समाधानका विकल्पहरू सुझावको रूपमा प्रस्तुत गर्न तथा प्रदेश सरकारको सामुन्नेमा रहेका चुनौतीहरू समेत पहिचान गरी सो को सामना गर्ने उपायहरू समेत सिफारिस गर्नको लागि यो अध्ययन सहयोगी रहेको छ। यस किसिमको तथ्यपूर्ण अध्ययनको निष्कर्षका आधारमा आगामी दिनमा तीन तहका सरकारबीच प्रभावकारी समन्वय एवम् सुदृढ अन्तर-सम्बन्धका लागि विषय केन्द्रित बहस/पैरवी चलाउन समेत सहज हुन्छ । यस अध्ययनले प्रदेशलाई बलियो बनाउन र सङ्घीयता सबलीकरण गर्न समेत मद्दत पुग्ने अपेक्षा छ ।

### १.३ अनुसन्धान विधि र सीमा

यो प्रतिवेदनले गण्डकी प्रदेश स्थापनादेखि हालसम्मका आर्थिक, सामाजिक, वित्तीय, प्रशासनिक तथा सेवा प्रवाहसम्बन्धी प्रगति, सम्भावना, चुनौती, र आगामी कार्यदिशालाई समेटेको छ। प्रदेशका मन्त्रालय, आयोग, तथा अन्य सम्बन्धित निकायहरूको नियमित प्रकाशन, मन्त्रिपरिषद्का निर्णय, कार्यान्वयनमा रहेका ऐन-कानुन, तथा उच्चपदाधिकारीका औपचारिक अभिव्यक्तिहरू प्रतिवेदनको आधार रहेका छन्।

सङ्घीयताको अभ्यासको रुपमा पुनः संरचनासँगै निकायगत विवरण एकरूपता कायम नहुनु, सूचना अद्यावधिक नहुनु, संस्थागत सम्झनाको कमजोर स्थिति, तथा एकीकृत तथ्याङ्क प्रणालीको अभावले प्रदेश सरकारका कतिपय गतिविधिहरू प्रतिवेदनमा समेट्न चुनौती रह्यो। तथापि, उपलब्ध स्रोतहरूको विश्लेषणका आधारमा यो प्रतिवेदन तयार गरिएको छ, जसले प्रदेश सरकारलाई भावी नीति तथा कार्यक्रम निर्धारणका लागि मार्गदर्शन गर्ने अपेक्षा गरिएको छ।

## २. प्रदेशको संस्थागत संरचना

तालिका १ : प्रदेश अन्तर्गत स्विकृत दरबन्दी

| विवरण | सङ्ख्या |
|---|---|
| संघीय सरकारबाट स्वीकृत दरबन्दी सङ्ख्या | २६७९ |

| | |
|---|---|
| प्रदेश सरकारबाट स्वीकृत दरबन्दी सङ्ख्या (स्थानीय तहको बाहेक) | ७३२ |
| कुल दरबन्दी | ३४११ |
| प्रदेशमा समायोजन भई कार्यरत कर्मचारी १४२५ रहेका छन्। | |
| स्रोतः प्रदेश कितावखाना, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | |

गण्डकी प्रदेशमा नौवटा मन्त्रालय रहेका छन्। प्रदेशमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सहित आर्थिक मामिला, भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था, सामाजिक विकास तथा युवा खेलकुद, उद्योग तथा पर्यटन, कृषि भूमि व्यवस्था तथा सहकारी, ऊर्जा जलस्रोत तथा खानेपानी, स्वास्थ्य र वन तथा वातावरण मन्त्रालय रहेका छन्।

गण्डकी प्रदेशको पहिलो र हालको मन्त्रिपरिषद्को नामावली अनुसूचीमा रहेको छ। प्रदेश अन्तर्गत बजेटरी र गैर बजेटरी गरी जम्मा १७२ निकाय रहेका छन्। गण्डकी प्रदेश अन्तर्गत स्विकृत दरबन्दी विवरण तालिका १मा दिइएको छ ।

प्रदेश निजामती सेवा तथा स्थानीय सेवामा कर्मचारी छनौट गर्न २०७७ साल चैत्र ११ गते गण्डकी प्रदेश लोक सेवा आयोगको स्थापना भएको छ। आयोगले सिफारिस गरेका उम्मेदवारमा ११३३ जना महिला र १८१७ जना पुरुष रहेका छन् । २०८१ साल फागुन मसान्तसम्म प्रदेश लोकसेवा आयोगले विभिन्न पदमा (तालिका २) नियुक्तिका लागि सिफारिश गरेको छ ।

प्रदेश र स्थानीय तहमा कार्यरत कर्मचारीको पद दर्ता तथा विवरण व्यवस्थित गर्न मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले प्रदेश निजामती कितावखाना सञ्चालनमा ल्याएको छ। प्रदेश निजामती कितावखानामा २०८१ माघ मसान्तसम्म १६७ कार्यालय दर्ता भएका छन् ।

तालिका २ : प्रदेश लोकसेवा आयोगको सिफारिश विवरण

| विवरण | सङ्ख्या |
|---|---|
| प्रदेश निजामती सेवा | ५४४ |
| स्थानीय सेवा तर्फका | २४०६ |
| जम्मा | २९५० |

स्रोतः गण्डकी प्रदेश लोक सेवा आयोग स्मारिका, २०८१

जनशक्ति क्षमता अभिवृद्धि तथा विज्ञान प्रविधिको प्रवर्द्धन गर्न गण्डकी विश्वविद्यालय छ। प्रदेश र स्थानीय तहमा कार्यरत कर्मचारी एवम् निर्वाचित जनप्रतिनिधिहरूको क्षमता विकास र कार्यसम्पादनमा सुधार, प्रदेश सरकारका कार्यक्रम कार्यान्वयनमा सहजिकरण, प्रदेश अन्तर्गतका सरकारी तथा अर्धसरकारी निकाय र स्थानीय तहको संस्थागत सुधार एवम् शासकीय क्षमताको अभिवृद्धि गर्न गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान स्थापना भएको छ।

प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ बमोजिम प्रदेश सञ्चित कोषको लेखा अद्यावधिक राख्ने तथा वार्षिक वित्तीय विवरण तयार गर्ने कर्तव्य र उत्तरदायित्व सहित आर्थिक मामिला मन्त्रालय अन्तर्गत प्रदेश लेखा नियन्त्रक कार्यालय र मातहतमा प्रदेश लेखा इकाई कार्यालय छन्।

प्रदेशको उच्च आर्थिक वृद्धि, सन्तुलित र दिगो विकासका लागि आवधिक योजनाको तर्जुमा, कार्यान्वयन, सहजीकरण, अनुगमन तथा मूल्याङ्कन र नीतिको अनुसन्धान तथा विकास गरी गण्डकी प्रदेश सरकारलाई सल्लाह र सहयोग प्रदान गर्न गण्डकी प्रदेश नीति तथा योजना आयोग रहेको छ।

प्रदेशका मन्त्रालय अन्तर्गत कृषि विकास, पशुपंक्षी तथा मत्स्य विकास, वन, पर्यटन उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण, पूर्वाधार विकास, प्रादेशिक स्वास्थ्य निर्देशनालय रहेका छन्। सबै जिल्लामा प्रदेश अस्पताल सँगै स्वास्थ्य क्षेत्रमा प्रयोगशाला, सामुदायिक अस्पताल, आयुर्वेद अस्पताल एवम् औषधालय छन्।

सवारी चालक अनुमति पत्र नवीकरण तथा नयाँ सवारी दर्ता सेवा प्रदान गर्न कास्की, कावासोती, नवलपरासी (बर्दघाट सुस्ता पूर्व), वागलुङ र तनहुँको डुम्रेमा यातायात व्यवस्था कार्यालय सञ्चालनमा रहेका छन्। त्यस्तै, कास्कीको लेखनाथमा यातायात व्यवस्था कार्यालय सञ्चालन गर्ने प्रदेश सरकारको निर्णय अनुरूप यातायात कार्यालय सञ्चालनको तयारीमा रहेको छ।

नागरिकलाई सरल र सहज सेवा विस्तार गर्न सबै जिल्लामा प्रादेशिक अस्पताल, सिंचाई, पूर्वाधार, कृषि ज्ञान केन्द्र, पशु अस्पताल उपचार केन्द्र, सामाजिक विकास, तथा उद्योग पर्यटन कार्यालय रहेका छन्। कृषि, पशुपन्छी तथा मत्स्यजन्य उपज आयात निर्यातको नियमन गर्ने तनहुँको आँवुखैरेनी र स्याङ्जाको मालुङ्गामा कृषि तथा पशुपन्छी नियमन इकाई स्थापना गरेको छ। प्रदेशको आफ्नो मातहतमा मत्स्य विकास केन्द्र समेत छ। त्यस्तै, जनस्वास्थ्य प्रयोगशाला, स्रोत केन्द्र, तालिम केन्द्र, अनुसन्धान तथा प्रशिक्षण केन्द्र लगायतका निकाय रहेका छन्।

# ३. विषयगत क्षेत्रमा भएका उपलब्धिहरू

## ३.१ सडक तथा पुल विस्तार

यातायात पूर्वाधारलाई दीर्घकालीन रूपमा व्यवस्थित गर्न गण्डकी प्रदेश सरकारले प्रादेशिक सडक यातायात गुरुयोजना (PTMP) बनाएको छ। प्रदेश स्थापनादेखि २०८१ माघ मसान्तसम्म सडक विस्तारको विवरण तालिका ३ मा उल्लेख छ ।

नेपालको कुल सडकमा प्रदेशको सडक हिस्सा १७.७५ प्रतिशत रहेको छ। हाल ३० मिनेटसम्मको दुरीमा यातायात पहुँच पुगेको परिवार ९९ प्रतिशत पुगेको छ।[3]

| तालिका ३ : यातायात क्षेत्रमा २०८१ साल माघ मसान्तसम्ममा प्रदेशको उपलब्धि | |
|---|---|
| विवरण | उपलब्धि |
| कालोपत्रे सडक | ९२७.७ किमि |
| ग्रावेल सडक | ७००.२ किमि |
| सडक पुल | ११० वटा |
| निर्माणाधिन सडक पुल | ६५ वटा |
| झोलुङ्गे पुल | ८४ वटा |
| निर्माणाधीन झोलुङ्गे पुल | १७ वटा |
| स्रोतः वार्षिक प्रतिवेदन २०८१, भौतिक पूर्वाधार विकास यातायात व्यवस्था मन्त्रालय | |

प्रदेश सरकारले निर्माण गरेका सडकहरूमध्ये बेशिसहर बाग्लुङपानी-घलेगाउ-भुजुंग कालोपत्रे सडक पनि एक हो । सो सडक निर्माण गर्न निर्माण कम्पनीसँग २०७६ साल असोज मा सम्झौता गरेको थियो र २०८१ साल असोज निर्माण कार्य सम्पन्न भयो । यो सडक कालोपत्रे गर्न रू ३४.७ करोड लागत लागेको थियो ।

*चित्र २ : बेशिसहर बाग्लुङपानी-घलेगाउ-भुजुंग सडक*



स्रोत:भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय, गण्डकी प्रदेश

गण्डकी प्रदेश सरकारले निर्माण गरेका सडक पुलमध्ये छेते- क्यू खोला सडकपुल पनि हो । यो पुल मनाङ डिस्याङ गाउँपालिका वडा नं १ र २ जोड्ने मनाङ मर्रस्याङ्दी मार्गमा निर्माण भएको हो । करिब ४ करोडको लागतमा २०७९ साल असारमा निर्माण सम्पन्न भएको यो पुल निर्माण कम्पनीसँग २०७७ साल असारमा सम्झौता भएको थियो ।

[3] हेर्नुहोस् : प्रदेशको दोस्रो पञ्चवर्षीय योजना

*चित्र ३ : छेते- क्यू खोला सडकपुल*



स्रोतःभौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय, गण्डकी प्रदेश

दलित, विपन्न, लोपोन्मुख र अति सीमान्तकृत जाति तथा समुदायका लागि सुरक्षित आवासको व्यवस्था गर्न जनता आवास कार्यक्रम अन्तर्गत हालसम्म पहिचान भएका २,९०१ लाभग्राही मध्ये २,०३५ लाभग्राहीसँग सम्झौता भई घर निर्माण सम्पन्नको चरणमा रहेका छन्। लक्षित वर्गका लागि १,३२० वटा घर निर्माण गरी हस्तान्तरण गरेको छ ।

## ३.२ यातायात व्यवस्थापन

प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०७६ तथा सोको नियमावली, २०८० जारी गरी यातायात प्रशासन व्यवस्थित गरेको छ। पोखराको पृथ्वीचोकमा प्रदेश सरकारको लगानीमा ड्राइभिङ परीक्षण केन्द्र निर्माण सम्पन्न गरी प्रयोगमा ल्याएको छ । 'राइड सेयरिङ' लाई व्यवस्थित तथा नियमन गर्न प्रदेश सरकारले प्रतिवद्धता गरेको छ ।

## ३.३ भवन निर्माण

आर्थिक वर्ष २०७७।०७८ देखि प्रहरी कार्यालय भवन निर्माणमा लगानी गरेको गण्डकी प्रदेशले आ.व. २०८१।०८२ सम्म रू ९५ करोड ९६ लाख लगानी मार्फत २५ वटा प्रहरी कार्यालय भवन निर्माण सम्पन्न गरेको छ भने ६ वटा भवन निर्माणधीन अवस्थामा छन् । प्रदेश र स्थानीय तहको सह-लगानीमा कास्कीको माछापुच्छ्रे, स्याङ्जाको कालीगण्डकी, पर्वतको विहादी, बाग्लुङको ताराखोला, म्याग्दीको मालिका र मुस्ताङको घरपझोङ गाउँपालिकामा बहुउद्देश्यीय सभाहल निर्माण गरेको छ। गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानको भवन निर्माण सम्पन्नको चरणमा छ भने गण्डकी प्रदेश सभा भवन निर्माण कार्य सुरू भएको छ ।

## ३.३ उर्जा

प्रदेश स्थापनामा राष्ट्रिय प्रसारण लाइन र नवीकरणीय ऊर्जा मार्फत् विद्युतमा पहुँच पुगेका घरधुरी ८७.९० प्रतिशत रहेकोमा २०८१ साल माघ मसान्तसम्ममा ९९.५५ प्रतिशत पुगेको छ । विद्युत सुविधा विस्तार एवम् पहुँचमा नरहेका ०.४५ प्रतिशत घरधुरीलाई राष्ट्रिय प्रसारण लाईनको पहुँचमा ल्याउन प्रदेशले 'उज्यालो गण्डकी' कार्यक्रम सञ्चालन गरेको छ ।

## ३.४ सिँचाइ

सतह सिँचाइ, नयाँ प्रविधिमा आधारित र भूमिगत स्यालो तथा डिप ट्युववेल आयोजना कार्यान्वयनबाट प्रदेशमा सिँचाइको आधुनिक पूर्वाधार विकास गरेको छ। प्रदेश स्थापना पश्चातको

७ वर्षमा ४ वटा महत्वपूर्ण सिँचाइ प्रणालीको नवीकरण कार्य गरेको छ । २०८१ साल माघ मसान्तसम्ममा भरपर्दो सिंचित क्षेत्रफल प्रदेशको कुल क्षेत्रफलको ५ प्रतिशतमा मात्र पुगेको छ । आ.व. २०८०।०८१ सम्ममा प्रदेशका १९ प्रतिशत जनतामा मध्यम तथा उच्च गुणस्तरको खानेपानी पहुँच पुगेको छ । र ९५ प्रतिशत जनतामा आधारभुतस्तरको खानेपानी तथा सतप्रतिशत जनतामा आधारभुत सरसफाइको पहुँच छ।[4]

प्रदेशले लिफ्टिङ खानेपानी तथा सिँचाइको लागि २४० वटा आयोजनाको विद्युत महशुलमा १ करोड ८८ लाख २६ हजार ८ सय ८० रुपैँया अनुदान उपलब्ध गराएर आधारभूत खानेपानी तथा सरसफाइको पहुँचमा अभिवृद्धि गरेको छ । प्रदेश सरकारले 'एक घर-एक धारा' कार्यक्रम अन्तरगत १ लाख ५२ हजार ४ सय २ निजी धारा जडान गरेको छ जसबाट ६ लाख ९७ हजार २ सय ३४ जना लाभान्वित भएका छन् ।

## ३.५ गरिबी निवारण, श्रम तथा रोजगारी

चौथो नेपाल जीवनस्तर सर्वेक्षण अनुसार, गण्डकी प्रदेशको निरपेक्ष गरिबी ११.८ प्रतिशत रहेको छ, जुन राष्ट्रिय औसतभन्दा न्यून छ। प्रदेश स्थापनाको प्रारम्भिक वर्ष (२०७५/७६) मा १४.९१ प्रतिशत रहेकोमा निरन्तर सुधार हुँदै गएको देखिन्छ ।

गण्डकी प्रदेशको श्रम संरचना मुख्यत: सेवा क्षेत्र, कृषि, तथा उत्पादनमूलक उद्योगमा केन्द्रित छ । सेवा क्षेत्रमा पर्यटन व्यवसायको उच्च प्रभाव छ भने कृषि क्षेत्र व्यावसायिकता तर्फ उन्मुख छ । औद्योगिक विकास सीमित हुँदा उच्च मूल्य सृजनामा आधारित रोजगारीका अवसरहरू तुलनात्मक रूपमा कम छन् । वैदेशिक रोजगारी गण्डकी प्रदेशको श्रम बजारको महत्त्वपूर्ण हिस्सा हो । युवाहरूको ठूलो सङ्ख्या वैदेशिक रोजगारीमा छन् । श्रमिकहरूलाई स्वरोजगारमा प्रोत्साहित गर्ने उद्देश्यले सरकारले उद्यमशीलता विकास, सीपमूलक तालिम, तथा कृषि र साना उद्योगहरूको प्रवर्द्धन जस्ता कार्यक्रम सञ्चालन गरेको छ। आर्थिक वर्ष २०८०/८१ मा सरकारको वार्षिक नीति तथा कार्यक्रममा 'बेरोजगारलाई गरिखाने अभियान' सञ्चालन गरेको छ ।[5]

## ३.६ पर्यटन

पर्यटन क्षेत्र गण्डकी प्रदेश समृद्धिको प्रमुख संवाहक हो । पर्यटनको वृहत सम्भावना रहेको गण्डकी प्रदेशका गाँउ गाउँमा पर्यटन प्रवर्द्धनका लागि ३२४ भन्दा बढी होमस्टे छन् । पर्यटन प्रवर्द्धनका लागि पहिले घरदेशः अनि परदेश, तथा राउण्ड फेवा भ्यू फेवा जस्ता कार्यक्रमलाई प्रदेश सरकारले प्राथमिकता दिएको छ ।[6] पर्यटन, मनोरञ्जन, हिमाली क्षेत्रमा पदयात्रा, सरकार निजी क्षेत्र साझेदारी र सुरक्षा सचेतनाले पर्यटनमार्फत समृद्धि हासिल गर्ने मार्गप्रशस्त भएको छ।

---

[4] उर्जा जलस्रोत तथा खानेपानी मन्त्रालयको तथ्याङ्कको आधारमा ।

[5] गण्डकी प्रदेश सरकारको नीति तथा कार्यक्रम, २०८१/८२

[6] गण्डकी प्रदेश सरकारको नीति तथा कार्यक्रम, २०८१/८२

*चित्र ४ : अन्नपूर्ण आधार विरमा संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटरेस; २०८० कार्तिक*



*स्रोतः मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गण्डकी प्रदेश*

पोखरा अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनमा आएसँगै हवाई यातायात सहज भएको छ भने पदमार्ग सुधार, पर्यटकीय गन्तव्यहरूमा पूर्वाधार विस्तार, र होटल तथा सेवा क्षेत्रमा लगानी वृद्धिले पर्यटन प्रवर्द्धनमा उल्लेखनीय योगदान पुगेको छ । विस्तारित लगानीले पर्यटक व्यवस्थापन क्षमता अभिवृद्धि भएको छ। सरकार र निजी क्षेत्रको साझेदारीमा गरिने प्रवर्द्धनात्मक कार्यक्रम, मेला, महोत्सव आदिले पर्यटन प्रवर्द्धनमा टेवा पुगेको छ । २६ वषदाख पाखरामा हुद आएका सडक महोत्सवमा २०८१ सालमा ५ लाख भन्दा बढी पर्यटकको सहभागिता रहनुले पर्यटकीय सम्भाव्यताको चित्रण गर्दछ ।

## ३.७ कृषि, भूमि तथा सहकारी

स्थानीय स्रोत साधनको उचित व्यवस्थापन तथा जलवायु अनुकुलित प्रविधिको प्रयोग, विकास तथा विस्तार गर्दै कृषि क्षेत्रमा उत्पादन तथा उत्पादकत्व वृद्धि गर्न प्रदेश गौरवको योजनाको रूपमा ८५ स्थानीय तहमा प्रदेश सरकारले 'मुख्यमन्त्री जलवायुमैत्री नमुना कृषि गाउँ कार्यक्रम' सञ्चालन गरेको छ ।

कृषि बीमा प्रिमियममा २५ प्रतिशत अनुदान अन्तरगत कृषकको सुन्तला, च्याउ, मौरी, तरकारी लगायतका बालीको बीमा सुविधा हुँदा विभिन्न बालीमा हुने क्षतिको जोखिम न्यूनीकरणमा सहयोग पुगेको छ। कोल्डस्टोर, कृषि उपज सङ्कलन केन्द्र, प्रशोधन केन्द्र, बीउ प्रशोधन केन्द्र निर्माण गरेको छ ।

खण्डीकृत कृषियोग्य भूमिको एकीकरण गर्दै कृषि क्षेत्रको आधुनिकीकरण तथा यान्त्रिकीकरण मार्फत उत्पादन लागत घटाउन कार्यान्वयनमा ल्याइएको जग्गा चक्लाबन्दी कार्यक्रम मार्फत प्रदेशका ९ जिल्लाका २८ स्थानमा गरी कुल ५ हजार ४ सय रोपनी खेतीयोग्य भूमिको चक्लाबन्दी गरेको छ ।

प्रदेश सरकारले सहकारी रजिष्ट्रारको कार्यालय स्थापना गरी सहकारीलाई निगरानी गर्दै आएको छ । बचत अपचलन गर्ने सहकारी संस्थाका सञ्चालक तथा पदाधिकारीलाई कारबाही गर्ने गरेको छ ।

## ३.८ शिक्षा

प्रदेश सरकारले प्राविधिक तथा उच्च शिक्षालाई प्राथमिकता दिएको छ । २०७६ सालमा प्रदेश सरकारले गण्डकी विश्वविद्यालय स्थापना गरी सूचना प्रविधि, कानुन, खेलकुद व्यवस्थापन लगायतका विषयलाई पठनपाठनमा महत्त्व दिएको छ। सरकारले डिजिटल शिक्षा, प्राविधिक तथा व्यावसायिक शिक्षाको विस्तार, तथा विद्यालय सुधारका कार्यक्रमहरू अघि बढाएको छ । सामाजिक विकास मन्त्रालय र जिल्लास्थित कार्यालयले विद्यालय शिक्षा सुधारका लागि प्रत्यक्ष- परोक्ष

नियमित कार्य गर्दै आएका छन् । विद्यालय भौतिक सुधारमा प्रदेश सरकारले नियमित साझेदारी गरेको छ ।

### ३.९ स्वास्थ्य

प्रदेशमा स्वास्थ्य संस्थाको सङ्ख्यामा उल्लेखनीय वृद्धि भएको छ । २०७५ सालमा सरकारी र निजी गरी प्रदेशमा जम्मा ७२४ वटा स्वास्थ्य संस्थाबाट वृद्धि भई २०८० साल फागुन मसान्तसम्ममा स्वास्थ्य संस्थाको सङ्ख्या १,१८१ पुगेको छ । प्रदेशमा कार्यरत स्वास्थ्यकर्मीको सङ्ख्या ६,१६६ पुगेको छ । प्रदेशमा औसतमा ४०० जना बराबर एक स्वास्थ्यकर्मीको उपस्थिति छ (गण्डकी प्रदेशको स्थितिपत्र २०७५ र आर्थिक सर्वेक्षण २०८१) । गण्डकी प्रदेश औलोमुक्त प्रदेशका रूपमा रहेको छ।[7] स्वास्थ्य क्षेत्रमा प्रवर्द्धनात्मक एवं उपचारात्मक सेवा विस्तारका लागि प्रदेश सरकारले हरेक जिल्लामा प्रदेश अस्पताल, जिल्ला स्तरमा स्वास्थ्य कार्यालय, आयुर्वेद कार्यालय सँगै स्वास्थ्य सूचकाङ्क व्यवस्थापन, हेलि उद्धार, स्वस्थ्य जीवनशैली प्रवर्द्धन, भान्सा सुधार कार्यक्रम सञ्चालन गरेको छ।

### ३.१० उद्योग व्यापार

गण्डकी प्रदेशका औद्योगिक ग्राम स्थापनाको सम्भाव्यता अध्ययन गरेर २६ स्थानीय तहमा औद्योगिक ग्राम घोषणा गरेको छ। लोकाहाखोला औद्योगिक क्षेत्र, नवलपरासी बर्दघाट सुस्तापूर्व र पूँडिटार औद्योगिक क्षेत्र, तनहुँ र कास्की प्रदेश समुन्नतिका रुपान्तरणकारी योजनाको रूपमा अगाडी बढाएको छ।

कोभिड- १९ प्रतिकार्य एवं उपचार व्यवस्थापन सँगै प्रभावित उद्योग व्यवसायलाई जीवन्तता दिन प्राथामिकता दिने, रोजगारी गुमाएका र विदेशबाट फर्केका व्यक्तिलाई कृषि एवं जडीबुटी खेती गर्न प्रोत्साहन गरेको थियो ।

प्रदेश सरकारले उत्पादन तथा रोजगारी अभिवृद्धि गर्न उद्यमी तथा व्यवसायीहरूलाई व्यवसाय जीवन रक्षा कर्जा उपलब्ध गराउन व्यवसाय जीवन रक्षा कोष (सञ्चालन) कार्यविधि ल्याई उद्यमी तथा व्यवसायी छनौट गरी व्यावसायीलाई वाणिज्य बैङ्क मार्फत १५ लाखसम्म ऋण उपलब्ध गराएको थियो । र त्यसवापत लाग्ने ३ वर्षसम्मको व्याज कोषले वाणिज्य बैङ्कहरूलाई उपलब्ध गराएको थियो । यस कार्यक्रम मार्फत १ हजार ६३८ जना व्यवसायीलाई रू.१ अर्ब ८१ करोड २९ लाख ७३ हजार ऋण प्रदान गरेको थियो ।[8]

### ३.११ वन वातावरण

गण्डकी प्रदेशको कुल क्षेत्रफलको ४७.४ प्रतिशत भू-भाग वनजङ्गल र बुट्टयानले ढाकेको छ । प्रदेशमा कृषियोग्य जमिन १४.१ प्रतिशत र नाङ्गो भूमि १७.७ प्रतिशत, हिम क्षेत्र १६.७ प्रतिशत,

---

[7] Malaria Micro Stratification२०२१ को प्रतिवेदन

[8] महालेखा परीक्षकको प्रतिवदेन २०८१ तथा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

बसोबास क्षेत्र कुल भू-भागको १.० प्रतिशत भन्दा पनि न्यून रहेको छ। बाँकी सीमसार जलक्षेत्र तथा अन्य उपयोगमा रहेको छ।[9]

प्रदेश स्थापना भएदेखि ७-८ वर्षको अवधिमा वन पैदावार बिक्री, जडीबुटी संकलन र वनजन्य अन्य कार्य गरेर जम्मा रु.१ अर्ब १३ करोड राजस्व सङ्कलन गरेको छ । यस्तै राष्ट्रिय वन तथा निजी वनबाट करिव ६५ लाख घन फिट काठ, १२ हजार १ सय ४३ चट्टा दाउरा उत्पादन भएको छ भने ८ लाख २ हजार ६ सय २९ किलोग्राम जडीबुटी उत्पादन तथा सङ्कलन गरेको छ।[10] प्रदेशमा वन ऐन र वातावरण संरक्षण ऐन जारी भई कार्यान्वयनमा रहेका छन् ।

## ३.१२ शासकीय सुधार, भ्रष्टचार नियन्त्रण

प्रदेश विकास समस्या समाधान समितिको ११ औँ बैठक २०८१ चैत्रमा बसेको थियो । सो बैठकबाट राष्ट्रिय विकास समस्या समाधान समितिमा प्रस्तुत गर्नको लागि एकीकृत सूचना प्रणालीको विकास गर्नुपर्ने, नदीजन्य वस्तुको प्रयोगमा प्रदेशलाई सहज मार्गप्रशस्त गर्नुपर्ने, सि.टि.ई.भि.टी. लाई प्रदेशमा हस्तान्तरण गर्नुपर्ने, आयोजना वर्गीकरण मापदण्ड व्यावहारिक बनाउनुपर्ने जस्ता निर्णय पारित गरिएका छन् ।

> "शून्य संरचनाबाट शुरु भएको प्रदेश सरकारले नीतिगत, कानूनी र संगठनात्मक पक्षहरुलाई स्थापित गरी आफूलाई परिपक्व बनाउँदै लगेको छ । गण्डकी प्रदेश सरकारले बितेका वर्षमा सबै भाषा, धर्म, जातजाति, लिङ्ग, वर्ग र क्षेत्रका जनताको शासनमा प्रतिनिधित्व गराउँदै विविधता सहितको इन्द्रेणीको उचित सम्बोधन मार्फत् संवैधानिक मर्म अनुरुपको शासन व्यवस्थाको जग बसालेको छ" - पूर्व मुख्यमन्त्री माननीय खगराज अधिकारी

प्रदेश सरकारबाट सम्पादन भएका महत्त्वपूर्ण कार्यक्रम तथा गतिविधिको बारेमा नागरिकलाई सुसूचित गराउन सार्वजनिक सुनुवाई, सेवाग्राही सन्तुष्टि सर्वेक्षण, 'गण्डकी सरोकार' शीर्षकको राष्ट्रिय स्तरको रेडियो कार्यक्रम प्रसारण गरेको छ। लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण निर्देशिका, २०७७ मार्फत सरकारले मातहतका निकायहरुको तेस्रो पक्षबाट जेसी अडिट गर्ने गरेको छ। हेलो मुख्यमन्त्री गुनासो सुनुवाइ संयन्त्र एक्सन रूम कार्यान्वयनमा ल्याएको छ । प्रशासनिक सङ्घीयतालाई व्यवस्थित गर्न प्रदेश कर्मचारी सूचना प्रणाली सञ्चालन गरेको छ ।

गण्डकी प्रदेश सरकारका योजना तथा कार्यक्रमहरूलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न गराउन, नागरिकले पाउने सेवालाई गुणस्तरीय, विश्वसनीय, पारदर्शी, मितव्ययी, छिटोछरितो र सर्वसुलभ बनाउन तथा कार्यालयलाई चुस्त दुरुस्त, नागरिकमैत्री, जवाफदेही र व्यवस्थित बनाउन प्रोत्साहित गर्न व्यवस्थापन परीक्षणको रुपमा नमूना कार्यालय छनौट कार्यक्रम गर्दै आएको छ।

[9] गण्डकी प्रदेश स्रोत नक्साङ्कन २०७५

[10] वन तथा वातावरण मन्त्रालय तथा आर्थिक सर्वेक्षण २०८१

### ३.१३ शान्ति र सुरक्षा

गण्डकी प्रदेशले सुरक्षा समन्वय बैठक, अन्तरराष्ट्रिय सीमा नाकामा निरीक्षण र विपद् व्यवस्थापन समन्वय बैठक गर्दै आएको छ। प्रदेशको अन्तरराष्ट्रिय सीमा नाकामा पर्ने मुस्ताङको कोरलामा सुरक्षा निकायका लागि भौतिक संरचना निर्माण गरेको छ । प्रदेश सरकारले आ.व. २०८१/८२ को वार्षिक बजेटको १.४१ प्रतिशत सार्वजनिक शान्ति सुरक्षाका लागि विनियोजन गरेकोमध्ये रु. ३३ करोड ७९ लाख (७१.५ प्रतिशत) खर्च गरेको छ । गण्डकी प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा आन्तरिक मामिला तथा सञ्चार महाशाखा अन्तरगत शान्ति सुरक्षा तथा विपद् व्यवस्थापन शाखाले नियमित कार्यसम्पादन गर्दै आएको छ । प्रदेशको प्रथम मुख्यमन्त्री माननीय पृथ्वी सुब्बा गुरुङको तत्वावोधानमा हेलो मुख्यमन्त्री कक्ष स्थापना गरी गुनासो सुनुवाई एवं समस्या समाधानमा स्वयं जनसम्पर्कको सुरुवात भएको थियो । जनतासँग मुख्यमन्त्री कार्यक्रम अन्तर्गत माननीय मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेबाट प्रदेशगत अवस्था, वस्तुस्थिति, नागरिकको गुनासो, विकास निर्माणको अवस्था लागायतका बारेमा जानकारी लिन आफैं घर दैलोमा पुग्ने अभ्यासको सुरुआत भएको छ । यसरी प्रदेशमा नागरिकसँग अन्तरक्रिया गर्ने, गुनासो सुन्ने र समाधान गर्ने वातावरण तयार भएको छ ।

## ४. प्रादेशिक अर्थतन्त्र

गण्डकी प्रदेशको अर्थतन्त्रमा सेवा क्षेत्रको योगदान प्रमुख छ । यस क्षेत्रतर्फ पर्यटन, व्यापार, शिक्षा, तथा विप्रेषणले टेवा पुर्‍याइरहेको छ। पोखरा केन्द्रबिन्दु रही आसपासका अन्नपूर्ण क्षेत्र, मनाङ, मुस्ताङ लगायत स्थानमा पर्यटन व्यवसाय फस्टाएको छ । होटल तथा आतिथ्यता, यातायात, पर्यटनसम्बन्धी अन्य व्यवसायहरूले रोजगारीका अवसर सिर्जना गर्दै प्रदेशको समग्र आर्थिक गतिविधिमा सहयोग पुर्‍याएको छ । प्रदेशको कृषि क्षेत्र परम्परागत खेती प्रणालीबाट व्यावसायिक तथा प्रविधिमैत्री प्रणालीतर्फ रूपान्तरण भइरहेको छ।

> "सरकारले प्रदेशको नीतिगत समस्या समाधान, औद्योगिक पूर्वाधार विकास, राजस्वको दायरा फराकिलो पार्ने विषयमा जोड दिएर काम गर्ने गरेको छ" - पूर्व आर्थिक मामिला मन्त्री माननीय हरिबहादुर चुमान

दीर्घकालीन रूपमा प्रदेशको अर्थतन्त्रलाई समृद्ध बनाउन "उद्यमी बनौं: स्वदेशमा केही गरौं" जस्ता नीतिगत अभियानले युवा जनशक्तिलाई सीपमूलक तालिम, उद्यमशीलता विकास, परामर्श, सहुलियतपूर्ण ऋण तथा स्वरोजगारका अवसर सिर्जना गरेको छ ।[11] प्रदेशको अर्थतन्त्रलाई सुदृढ बनाउन सरकार, निजी क्षेत्र, तथा स्थानीय समुदायबीचको सहकार्यको मुख्य भूमिका हुन्छ ।

### ४.१ प्रदेश सरकारको स्रोत

आर्थिक वर्ष २०८०/८१ मा प्रदेशले रू. ३ अर्ब ४३ करोड १७ लाख ३१ हजार आन्तरिक राजस्व परिचालन गरेको छ। प्रदेश सरकारको वित्तीय स्रोत क्रमशः संघ सरकारबाट प्राप्त राजस्व बाँडफाँड

[11] आर्थिक वर्ष २०८१/८२ को नीति तथा कार्यक्रम

रकम, वित्तीय समानीकरण अनुदान, आन्तरिक आय, सशर्त अनुदान रहेको छ। प्रदेश सरकार स्थापना देखि आर्थिक वर्ष २०८१/०८२ सम्मको वित्तीय स्रोतको विवरण तालिका ४ मा उल्लेख गरिएको छ।

**तालिका ४ : गण्डकी प्रदेशको वित्तीय स्रोत प्राप्तीको विवरण (रु. हजारमा)**

| आर्थिक वर्ष | समानीकरण अनुदान | ससर्त अनुदान | समपूरक अनुदान | विशेष अनुदान | आन्तरिक आय | राजस्व बाँडफाँडबाट प्राप्त रकम | जम्मा |
|---|---|---|---|---|---|---|---|
| २०७४/७५ | १०२०५०० | ० | ० | ० | ० | ० | १०२०५०० |
| २०७५/७६ | ६७७६७०० | ४८५६६४९ | १२२२०० | १८२३०० | २२१५०६१ | ६०९९३८६ | २०२५२२९६ |
| २०७६/७७ | ७११२२०० | ६०२४०३३ | ११११६०० | ८६०००० | २००४०७० | ४८१७०६३ | २१९२८९६६ |
| २०७७/७८ | ७११२६०० | ४८१६९६० | १४९८९०० | ५४०००० | २६६०८५७ | ६४९११२६ | २३१२०४४३ |
| २०७८/७९ | ७४२२८०० | ५०२९०८० | ८७३६०० | ५४९००० | ३२१५६५१ | ७५०२६०६ | २४५९२७३७ |
| २०७९/८० | ६९३६९१२ | ४९५९१२५ | ६००००० | ४३०००० | ३१७२१३७ | ७३४२३३२ | २३४४०५०६ |
| २०८०/८१ | ५६४९०३४ | २९९३१३३ | ७२०००० | ६९५००० | ३४३१७३१ | ८०२०४६९ | २१५०९३६७ |
| २०८१/०८२ (यथार्थ) | ७६३८८०० | ३५९९३०० | १३०८३६०० | ६५५५०० | २४२८६८७ | ६५८३५४ | २८०६४२४१ |
| २०८२/८३ | ७७३८९०० | ३३५६४०० | ६३९७०० | ४९८६०० | ५४५९३८८ | ९७९२९४० | ३१९७९९९९ |

स्रोतः आर्थिक मामिला मन्त्रालय, गण्डकी प्रदेश

## ४.२ प्रदेश सरकारको खर्च

आर्थिक वर्ष २०८०/८१ को प्रदेश सरकारको बजेट खर्च कुल विनियोजनको ६६.४३ प्रतिशत छ ।[12] आर्थिक वर्ष २०७९/८० को तुलनामा आर्थिक वर्ष २०८०/८१ मा कुल बजेट करिब ७ प्रतिशतले कम थियो भने आ.व. २०८२/८३ मा ३ प्रतिशत कम छ । गण्डकी प्रदेशले लैङ्गिक उत्तरदायी, दिगो विकास र जलवायु परिवर्तनको असरका आधारमा बजेट कोडिङ कार्यान्वयन गरिरहेको छ। प्रदेश सरकारको बजेट तथा खर्च सम्बन्धी विवरण तालिका ४ मा छ ।

[12] प्रदेश लेखा नियन्त्रण कार्यालय पोखरा

| तालिका ५ : प्रदेश सरकारको प्रस्तावित बजेट तथा खर्च विवरण (रु. हजारमा) | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| आर्थिक वर्ष | कुल वार्षिक बजेट | | | जम्मा | कुल खर्च | | | जम्मा | खर्च प्रतिशत |
| | चालु | पूँजीगत | वित्तीय व्यवस्था | | चालु | पूँजीगत | वित्तीय व्यवस्था | | |
| २०७४/७५ | ४८०३७५ | ५४०१२५ | ० | १०२०५०० | १४४७९५ | १५०६३७ | ० | २९५४३२ | २८.९५ |
| २०७५/७६ | ८११५५१५ | १५९०७८३३ | ० | २४०२३३४८ | ५२११०३० | ८७१७००० | ० | १३९२८०३० | ५७.९८ |
| २०७६/७७ | १२२८५७७२ | १९८४९०२० | ० | ३२१३४७९२ | ६४२६९२१ | १३९८६६९६ | ० | २०४१३६१७ | ६३.५२ |
| २०७७/७८ | १४३४२६८४ | १९९९९४७६ | ५००००० | ३४८४२१६० | ८०२७८६४ | १७५९५५५४ | ० | २५६२३४१८ | ७३.६३ |
| २०७८/७९ | १२६०४२१० | १८५०८६७५ | २४०००० | ३१३५२८८५ | ७५८०११६ | १४४६३८१७ | ० | २२०४३९३३ | ७३.५१ |
| २०७९/८० | १२५५७१४९ | २२८५१८५० | ५००००० | ३५९०८९९९ | ८३५३५२२ | १५२६१३६१ | ० | २३६१४८८३ | ६५.७६ |
| २०८०/८१ | १२७०९६९० | २०२१७५१० | ५००००० | ३३४२७२०० | ७५७६६९९ | १४६२९४१६ | ० | २२२०६११५ | ६६.४३ |
| २०८१/८२ (चैत मसान्तसम्म) | १३१६०५८२ | १९५१७९९३ | ३००००० | ३२९७८५७५ | ४९०४८७४ | ६८०१५२१ | ० | ११७०६३९५ | ३५.५० |
| २०८२/८३[13] | १२६३६६७५ | १९०९३३२४ | २५०००० | ३१९७९९९९ | - | - | - | - | - |
| स्रोतः प्रदेश सरकारका ७ वर्ष अनुभव र उपलब्धि | | | | | | | | | | |

प्रदेशमा बजेट अभ्यासको सुरुवातका ४ वर्षमा गण्डकी प्रदेशको बजेट आकार निरन्तर बढेको थियो । आ.व. २०७४/७५ मा रु. १ अर्ब २ करोड बजेट विनियोजन भएकोमा आ.व. २०७५/७६ मा सोको २३ गुणा बढी रु २४ अर्बको बजेट प्रदेश सरकारले ल्याएको थियो ।[14]

प्रदेशको बजेटमा चालु खर्चको तुलनामा पुँजीगत खर्चका लागि बढी बजेट विनियोजन गरिने गरेको छ। गत आ.व. २०८०/८१ मा कुल विनियोजनको ३८ प्रतिशत चालुतर्फ रहँदा पुँजीगत तर्फ ६० प्रतिशत रहेको थियो भने यस आ.व. २०८१/८२ मा कुल विनियोजनको ३९.९ प्रतिशत चालु तर्फ रहँदा पुँजीगत तर्फ ५९.१ प्रतिशत छ । त्यस्तै, आ.व. २०८२/८३ का लागि चालु तर्फ ३९.५ प्रतिशत र पुँजीगत तर्फ ५९.७ प्रतिशत विनियोजन गरिएको छ।[15]

13 मध्यकालीन खर्च संरचना (आर्थिक वर्ष २०८२/०८३-२०८४/०८५)

14 आर्थिक मामिला मन्त्रालय

15 आर्थिक मामिला मन्त्रालय

## ४.३ आन्तरिक स्रोत परिचालन

कुल बजेटमा प्रदेश सरकारको आन्तरिक आयको हिस्सा न्यून रहदै आएको छ । आ. व. २०८१/८२ को वार्षिक बजेटमा आन्तरिक आयको हिस्सा करिब १ चौथाइ मात्र थियो । सरकारको स्रोत संरचनामा कुल आयको औषतमा १० प्रतिशत नगद मौज्दात रहने गरेको छ ।[17]

प्रदेशमा विगत ५ वर्षको आन्तरिक राजस्व सङ्कलन औसतमा लक्ष्यको तुलनामा ६५ प्रतिशत छ । अपेक्षित राजस्व सङ्कलन नहुँदा बजेटको विश्वसनियता र अनुमानित खर्च व्यवस्थापनमा चाप पर्न गएको छ । सवारी साधन कर प्रदेशको क्षेत्राधिकारको महत्वपूर्ण आन्तरिक स्रोत हो । आ.व. २०७७/७८ मा सवारी साधन कर १ अर्ब ३७ करोड मात्र सङ्कलन भएको थियो ।

**तालिका ६ : आन्तरिक स्रोत परिचालन**

| आर्थिक वर्ष | आन्तरिक राजस्व (रु) |
|---|---|
| २०७८।७९ | ३ अर्ब ८० करोड |
| २०७९।८० | ३ अर्ब ८९ करोड |
| २०८०।८१ | ४ अर्ब २४ करोड |
| २०८१।८२ (चैत मसान्तसम्म) | २ अर्ब ४२ करोड[16] |

स्रोतः प्रदेश आर्थिक सर्वेक्षण २०८०/८१, र २०८१/०८२

## ४.४ वित्तीय सुशासन प्रर्वधन र प्रशासनिक खर्च सुधारका प्रयासहरु

प्रदेश सरकारले वित्तीय सुशासनको अभिवृद्धि र प्रशासनिक खर्चको प्रभावकारितालाई उच्च प्राथमिकतामा राखेको छ । सार्वजनिक वित्त व्यवस्थापनमा पारदर्शिता, जवाफदेहिता र दक्षता अभिवृद्धि गर्ने उद्देश्यले विनियोजन ऐन, आर्थिक ऐन, गण्डकी प्रदेश सुशासन ऐन, २०७५ प्रदेश वित्त व्यवस्थापन ऐन, २०७५, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ खर्चको मापदण्ड, २०७९ जस्ता कानुनी आधारका कारण सार्वजनिक वित्तको उपयोगलाई विधिसम्मत र पारदर्शी बन्न मार्गनिर्देशन गरेको छ ।

अनलाइन अनुगमन प्रणाली, नियमित रूपमा सार्वजनिक गरिने स्वतः प्रकाशन, पहिलो सव-नेशनल सार्वजनिक खर्च तथा वित्तीय उत्तरदायित्व (PEFA) मुल्याङ्कन, मन्त्रालयस्तरीय प्रगति समीक्षा सहित वार्षिक प्रतिवेदन प्रकाशन लगायतका संयन्त्रले सार्वजनिक वित्तको उपयोगमा पारदर्शिता र जवाफदेहिता सुनिश्चित गर्न गरिएका प्रयासले प्रदेशमा वित्तीय सुशासन र प्रशासनिक सुधारलाई प्रभावकारी बनाउन सहयोग  गरेका छन् ।

[16] आर्थिक वर्ष २०८१/०८२ को मन्त्रालयगत प्रगति विववरण आर्थिक मामिला मन्त्रालय

[17] आर्थिक सर्वेक्षणका प्रतिवेदन

बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०८१ मार्फत बजेट योजना र स्रोतको प्रभावकारी वितरणमा प्राथमिकता सहित निकायगत समन्वयको मार्गप्रशस्त गरेको छ । नियमित निगरानी एवं जवाफदेहिता सुनिश्चित गर्न नियमित रूपमा बस्ने सार्वजनिक लेखा समितिको बैठक नियमित छ ।

## ५. प्रदेश सभा सम्वन्धी विवरण

### ५.१ सभाको पहिलो कार्यकाल (२०७४-२०७९)

पहिलो गण्डकी प्रदेश सभा सदस्यको निर्वाचन मिति २०७४ साल मंसिर १० र २१ गते २ चरणमा सम्पन्न भएको थियो । कुल ६० सदस्यीय सभामा २० जना महिला र ४० जना पुरुषको प्रतिनिधित्व रहेको थियो ।

प्रदेश सभाको पहिलो सभामुख माननीय नेत्रनाथ अधिकारी र उपसभामुख माननीय श्रृजना शर्मा हुनुहुन्थ्यो । प्रदेश सभाको सदस्यले पहिलो चोटि सपथ ग्रहण २०७४ साल माघ १० गते लिएका थिए भने पहिलो बैठक २०७४ साल माघ २२ गते बसेको थियो । पहिलो कार्यकालमा प्रदेशसभाको अन्तिम बैठक २०७९ साल भदौ ८ गते बसेको थियो ।

पहिलो कार्यकालमा एउटा विशेष अधिवेशन तथा १० वटा अधिवेशन, २४० दिनमा प्रदेशसभाका ३०१ बैठक गरी जम्मा ३८१ घण्टा ३४ मिनेट बैठक बसेको थियो। पहिलो कार्यकालको अधिवेशन तथा विषयगत समितिको विवरण विस्तृत विवरण अनुसूचीमा रहेको छ । पहिलो कार्यकालमा पारित भएका ५९ वटा विधेयक को विवरण पनि अनुसूचीमा उल्लेख गरिएको छ।

### ५.२ दोस्रो कार्यकालः (२०७९ देखि २०८१ फागुन मसान्त सम्म)

दोस्रो प्रदेशसभा सदस्यको निर्वाचन मिति २०७९ मंसिर ४ गते सम्पन्न भएको थियो । वर्तमानमा प्रदेश सभाको सभामुख कृष्ण प्रसाद धिताल र उपसभामुख बिना कुमारी थापा हुनुहुन्छ। प्रदेश सभाको दोस्रो कार्यकालको सपथ ग्रहण २०७९ साल पुस १४ गते र पहिलो बैठक २०७९ पुस १८ गते भएको थियो । दोस्रो कार्यकालमा २०८१ फागुन मसान्तसम्म १३ वटा कानुन पारित भएका छन् ।

## ६. तहगत अन्तरसम्वन्ध

सङ्घ, प्रदेश र स्थानीय तहबीचको सम्बन्ध सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तलाई कार्यान्वयन गरेको छ । प्रदेशले नीति तथा योजना समन्वय, वित्तीय अन्तरसम्बन्ध, सेवा प्रवाह एवं क्षमता अभिवृद्धिमा तहगत अन्तरसम्बन्ध व्यवस्थित गर्ने प्रयास गरेको छ । गण्डकी प्रदेशको आयोजनामा पोखरामा अन्तर प्रदेश मुख्यमन्त्रीको पहिलो वैठक मिति २०८० असार १५ गते सम्पन्न गरी प्रहरी समायोजन, जग्गा प्राप्ति, तीनै तहका सरकारको कार्य जिम्मेवारी र अधिकार क्षेत्र, वित्तीय समानीकरण अनुदान वृद्धि लगायतका १७ वटा विषयहरूमा प्रदेश सरकारहरुका साझा

धारणाबारे छलफल भएको थियो । राष्ट्रिय समन्वय परिषद्को पहिलो बैठक मिति २०८० असार १६ गते पोखरामा बसी तहगत सम्बन्ध मजवुतीबारे महत्वपूर्ण निर्णय गरेको छ ।

प्रदेश समन्वय परिषद्को हालसम्म ८ वटा वैठक सम्पन भएको हो । समन्वय परिषद्को पहिलो बैठकदेखि आठौं बैठकसम्म सङ्घीयताको प्रभावकारी कार्यान्वयनका लागि विभिन्न निकायहरूबीच स्पष्ट भूमिकाको पहिचान, स्रोत व्यवस्थापन, तथा योजना निर्माणमा समन्वय गरेको छ । प्रदेश र स्थानीय तहले समग्र विकासका लागि गुरुयोजना र आयोजना बैंक तयार गर्न, स्थानीय तहले आफ्नो पञ्चवर्षीय योजना प्रदेशको योजनासँग तालमेल गरी बनाउने, तहगत संयुक्त आयोजनामा बजेट साझेदारी गर्ने जस्ता निर्णय गरेको छ । त्यस्तै, परिषद्ले आफ्ना नियमित बैठकहरूमा अन्तरसरकारी वित्त व्यवस्थापन, नीति तथा कानुनी समन्वय, राजस्व बाँडफाँट, तथा प्रशासनिक सेवा प्रवाहका विषयमा छलफल गरी आवश्यक निर्णय गर्ने गरेको छ ।

प्रदेश र स्थानीय तहबीचको समन्वय सुदृढ गर्दै सङ्घीयता कार्यान्वयनलाई प्रभावकारी बनाउन बजेट तथा कार्यक्रम तर्जुमा गर्दा दोहोरोपन हटाउन समन्वय गर्ने, बहुवर्षीय ठेक्काका अलपत्र आयोजना पूरा गर्न बजेट सुनिश्चित गर्ने, तथा प्राकृतिक स्रोत र राजस्व बाँडफाँटमा स्थानीय तहको हक सुरक्षित गर्ने निर्णय पनि गरेको छ । त्यस्तै, नेपाल प्रहरीको प्रदेश समायोजन प्रक्रिया अघि बढाउने, स्थानीय तहमा कार्यरत कर्मचारी व्यवस्थापनमा समन्वय गर्ने जस्ता निर्णय गरेका छन् ।

गण्डकी प्रदेश विकास समस्या समाधान समितिको कार्यसम्पादनलाई प्रभावकारी बनाउन संस्थागत समन्वय, कानुनी सुधार, जग्गा व्यवस्थापन, उपभोक्ता हित, स्रोत परिचालन, विपद् प्रतिकार्य, तथा आयोजना कार्यान्वयनबारे प्रदेशस्तरीय निर्णय गर्ने र संघको सहमति आवश्यक पर्ने विषयलाई राष्ट्रिय विकास समस्या समाधान समितिमा पेश गर्ने छुट्टाछुट्टै निर्णय गरेका छन् ।

### स्थानीय तहसँग सहकार्य

प्रदेश स्तरका विभिन्न समितिहरू र सरकारका कार्यक्रमहरूले स्थानीय तहसँगको समन्वयमा प्रदेश तथा स्थानीय स्तरका समग्र विकास र समस्याहरूको समाधानमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेका छन् । स्थानीय तहका लागि सहजीकरणसँगै अन्तरतह सम्बन्ध एवम् समन्वयमा विकास समस्या समाधान समितिका निर्णयहरूलाई आधार बनाएको छ ।

कार्यक्रमगत रुपमा आर्थिक वर्ष २०८१।०८२ देखि प्रदेशका ८५ वटै स्थानीय तहमा प्रदेश र स्थानीय तहको साझेदारीमा सुरुवात गरिएको न्यायिक सहजकर्ता परिचालन प्रदेश र स्थानीय तहबीच अन्तरसम्बन्ध एक महत्वपूर्ण उदाहरण हो ।

मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रमबाट नवप्रवर्तनको क्षेत्रमा सकारात्मक प्रतिस्पर्धा सुरु हुनुका साथै स्थानीय तहमा भएको स्रोतको न्यूनताको सम्बोधन गरेको छ । प्रदेशको कार्यक्रमले स्थानीय स्तरमा प्रविधि, स्रोत, सूचना, व्यवस्थापन शील्प साझा गर्दै आएको छ ।

## अन्तरप्रदेश छलफल

प्रदेशले अन्तरप्रदेश समन्वयलाई सुदृढ गर्दै विषयगत छलफल, नीति आदान-प्रदान, र अनुभव साझेदारीलाई प्राथमिकता दिएको छ । २०७५ साल भदौमा पोखरामा सम्पन्न भएको सातवटै प्रदेशका मुख्यमन्त्रीहरूको भेलादेखि पछिल्लो २०८० साल असारमा पोखरामै सम्पन्न भएको अन्तर प्रदेश मुख्यमन्त्री बैठकले तहगत समन्वय समन्वयलाई बलियो बनाउन सहजीकरण गर्ने निर्णय गरेको छ । ६वटा प्रदेशका मुख्यमन्त्री सम्मिलित सो बैठकले अन्तरप्रदेश सम्बन्धका मुद्दा जस्तै प्रहरी समायोजन, प्रदेश सरकारको स्वामित्वमा प्रदेश सरकारी कार्यालय भवन, सङ्घ र प्रदेशका साझा अधिकारबारे स्पष्टता विकास इत्यादीमा सहकार्य, नीति निर्माण, र कार्यान्वयनका विषयमा १७ वटा साझापत्र जारी गरेको छ ।




चित्र ४ : गण्डकी प्रदेश सरकारको आयोजनामा सम्पन्न अन्तर प्रदेश मुख्यमन्त्री बैठक, २०८०

अन्तरप्रदेश समन्वयका लागि विधायिकी निकायहरूबीच पनि छलफल गरेको छ । यही २०८१ साल पुसमा सम्पन्न भएको अन्तर व्यवस्थापिका सम्मेलनले प्रदेशसभा तथा स्थानीय तहहरूबीचको समन्वयलाई चुस्त बनाउँदै नीतिगत सुधारका लागि मार्गनिर्देशन गरेको छ ।

यसरी २०८१ साल माघको अन्तिम साता पाल्पाको रानीमहलमा सम्पन्न गण्डकी र लुम्बिनी प्रदेशका मुख्यमन्त्रीबीच भएको छलफलले प्रदेशका सम्भावनाको दक्षतापूर्ण उपयोग गर्ने निर्णय गरेको छ । सो छलफलमा दुवै प्रदेशका निकुञ्ज र संरक्षण क्षेत्रहरूलाई समेटेर पर्यापर्यटन विकास गर्ने, दुई प्रदेश बीचका हवाई यातायात सेवा बिस्तार गर्ने, उत्तरदक्षिण कालीगण्डकी करिडोरलाई हिमाल, पहाड र तराईका उत्पादनहरूलाई सीमापार बजारसम्म पहुँच बढाउन प्रयोग गर्ने, सिद्धार्थ राजमार्गलाई डवल डेडिकेटेटको रुपमा बिस्तार गर्न सङ्घीय सरकारसँग पहल गर्ने साझा प्रतिवद्धता गरेका छन् ।

गत २०८० साल असार १५ गते पोखरामा सम्पन्न अन्तरप्रदेश मुख्यमन्त्री बैठकले गण्डकी प्रदेशका लागि विभिन्न प्रशासनिक र कानूनी सुधारका लागि प्रस्तावहरू पारित गरेको छ । बैठकमा प्रहरी समायोजन, निजामती सेवा ऐनको शीघ्र निर्माण, प्रदेश सरकारका भवन र जग्गा स्वामित्वको समस्या समाधान, कर्मचारी व्यवस्थापनमा सङ्घ र प्रदेशबीचको सहकार्य र वित्तीय समानीकरणको आवश्यकतालाई जोड दिइएको छ । साथै, साझा अधिकारका विषयमा सङ्घीय कानूनी बन्दोबस्त, सवारी साधन कर र ट्राफिक जरिवानाको राजस्व प्रदेशको कोषमा सार्ने, र नदीजन्य पदार्थको बिक्रीबाट प्राप्त राजस्वको वितरणमा सुधारको आवश्यकता पनि उठाइएको छ । यी निर्णयले प्रदेश सरकारलाई आफ्ना अधिकार र संसाधन व्यवस्थापनमा सशक्त बनाउँछ ।

## ७. प्रमुख समस्या र चुनौती

### ७.१ समस्याः

क) अधिकारक्षेत्रः सङ्घीयताको मर्मअनुसार प्रदेशमा अधिकार हस्तान्तरण नहुनु प्रमुख समस्या हो । धेरै क्षेत्रमा सङ्घीय सरकारको हस्तक्षेप विद्यमान छ ।

ख) आयोजना व्यवस्थापनः प्रादेशिक आयोजना र योजना सङ्घमै केन्द्रित हुने, टुक्रे प्रकृतिका आयोजना तथा कार्यक्रममा समेत सशर्त अनुदानमा विनियोजन हुने, र सङ्घले नै मुख्य योजना तोक्ने प्रवृत्तिले प्रदेश सरकारको कार्यक्षमता र स्वायत्तता कमजोर भएको छ । सङ्घीय सरकारले नै तोक्ने, गरेको छ । प्रादेशिक सडक, ऊर्जा, सिँचाइ, खानेपानीका आयोजना तथा कार्यक्रम हस्तान्तरण हुन सकेका छैनन्।

ग) प्रशासनिक: एकीकृत सङ्घीय निजामती सेवा ऐन नबन्दा प्रदेश निजामती सेवा ऐन, २०७९ र स्थानीय सेवा गठन तथा सञ्चालन ऐन, २०७९ को पूर्ण कार्यान्वयन हुन सकेको छैन । जसको कारण कर्मचारी व्यवस्थापन र समायोजनमा अन्योल, र दक्ष जनशक्ति अभावले प्रशासनिक क्षेत्र कमजोर छ ।

घ) वित्तीय: वित्तीय पक्षमा समस्या गम्भीर छ । गण्डकी प्रदेशको आन्तरिक राजस्व स्रोत कमजोर छ, जसले गर्दा सङ्घीय सरकारको अनुदानमा अत्यधिक निर्भर रहनुपरेको छ। । सङ्घीय सरकारबाट राजस्व बाँडफाँट अन्तर्गत प्रदेश सरकारलाई हस्तान्तरण गर्नुपर्ने मूल्य अभिवृद्धि कर र आन्तरिक उत्पादनको अन्तःशुल्क वापतको रकम आर्थिक वर्ष २०७९/०८० मा मात्र रू. २ अर्ब ५६ करोड कम हुनुले प्रदेश सरकारको बार्षिक बजेट कार्यान्वयन स्रोत व्यवस्थापनमा समस्या परेको छ। राजस्व बाँडफाँट ढिलो हुने, मूल्य अभिवृद्धि कर र अन्तःशुल्कको हिस्सा समयमा नपाउने, र अनियमित बजेट प्रवाहले प्रदेश सरकारको योजना कार्यान्वयनमा समस्या परेको छ ।

ङ) पूर्वाधार विकास: भौगोलिक जटिलताका कारण गोरखाको चुमनुब्री र मनाङको नार्पाभूमि गाउँपालिकाको केन्द्र प्रादेशिक सडक सञ्जालमा जोडिन सकेको छैन । पूर्वाधार विकासका लागि आवश्यक वित्तीय स्रोतको अभावले परियोजना अधुरै रहनु, जीर्ण अवस्थामा रहनु र स्रोत अभावमा भुक्तानी बाँकी रहनु जस्ता समस्या पनि छन् ।

च) शिक्षा: दुर्गम क्षेत्रमा गुणस्तरीय शिक्षाको कमी, शिक्षक व्यवस्थापन, भौतिक पूर्वाधार तथा निजी र सार्वजनिक विद्यालयबीचको असमानता जस्ता समस्या छन् । डिजिटल शिक्षा, प्राविधिक तथा व्यावसायिक शिक्षाको विस्तार साथै विद्यालय सुधारका कार्यक्रम प्रभावकारी हुन सकेका छैनन्।

छ) प्रहरी व्यवस्थापन: प्रदेश सरकारले सङ्घीय तथा प्रदेश प्रहरी कार्यालयहरुमा बजेट विनियोजन गर्ने गरेकोमा अख्तियारवाला निकायहरूको प्रतिवेदनमा यस्तो बजेट विनियोजन गर्न नहुने सुझाव रहँदा समेत सोको कार्यान्वयन हुन सकेको छैन । प्रदेशको अधिकार क्षेत्र अन्तरगतको ट्राफिक दण्ड

जरिवाना वापतको रकम प्रदेशले प्राप्त गर्न सकेको छैन । प्रहरी व्यवस्थापनमा स्पष्टता नहुनु, र नीतिगत निर्णयमा सङ्घीय निर्देशन हावी हुनु प्रादेशिक सुरक्षामा चुनौती बनेको छ ।

ज) अन्तरप्रदेश समन्वय: अन्तरप्रदेश भौतिक पूर्वाधार विकास, जलस्रोत व्यवस्थापन र व्यापारिक सहकार्य जस्ता विषयमा स्पष्ट नीति नहुँदा प्रभावकारी समन्वय हुन सकेको छैन । जस्तै गण्डकी प्रदेश र लुम्बिनी प्रदेशबीच कालीगण्डकी डाईभर्सनमा विवाद रहेको छ।

झ) राजस्वःमालपोत शुल्क बापतको रकम यथोचित सङ्कलन हुन सकेको छैन । प्रदेशबीच सवारी साधन दर्ता र नवीकरण दरमा एकरूपता नहुँदा शीर्षकगत कर बढी हुँदा राजस्व गुम्ने जोखिम रहेको छ।

ञ) नीति निर्माण र विकास: अस्थिर राजनीतिसँगै कमजोर दलगत समन्वय, राजनीतिक स्वार्थप्रेरित निर्णय, र सार्वजनिक सेवा प्रतिको जिम्मेवारी पन्छाउने प्रवृत्ति छ । दलहरूबीच सत्ता साझेदारीका अप्ठ्याराका कारण प्रदेश सरकार र व्यवस्थापिकाको सिर्जनशीलतामा देखिएका कमजोरीले नीति निर्माण र विकास प्रक्रियामा बाधा पुगेको छ ।

ट) अन्य: स्थानीय सरकार सञ्चालन ऐनमा भएको दहत्तर, बहत्तर सामग्री बिक्रीवापत प्राप्त हुने आय विभाज्य कोषमा वा स्थानीय सञ्चित कोषमा जम्मा गर्ने द्विविधाका कारण प्रदेश र स्थानीय तहबीच कानूनी असमझदारी छ । प्रदेशको बजेट तर्जुमामा स्थानीय तहको सहभागिता हुने संयन्त्रको अभावले विनियोजन कुशलता तथा योजना कार्यान्वयनमा दोहोरोपना हुने गरेको छ ।

## ७.२ चुनौति

गण्डकी प्रदेशले सामना गरिरहेका प्रमुख चुनौतीहरूमा हिमाली र पहाडी जिल्लाबाट हुने तीव्र बसाइँसराइ प्रमुख हो, जसले ती क्षेत्रहरूमा जनसङ्ख्या सङ्कुचन गराइरहेको छ। यसले उर्वर भूमि बाँझो पार्ने समस्या बढाएको छ। यस्तो परिप्रेक्ष्यमा ती क्षेत्रहरूमा कृषि, जडीबुटी, पशुपालन, र वनजन्य उत्पादनमार्फत आय आर्जन र रोजगारी सिर्जना गर्नु चुनौतीपूर्ण कार्य बनेको छ। कृषिमा लगानी वृद्धि गर्दै यान्त्रिकीकरण, व्यवसायीकरण, र विविधीकरण गर्नु आवश्यक छ, तर त्यसका लागि संस्थागत र वित्तीय पूर्वाधार अझै बलियो छैन।

कृषि अनुदान प्रणाली पुनरावलोकन गरी प्रतिफलमुखी प्रणाली विकास गर्न आवश्यक छ। उन्नत बीउ, गुणस्तरीय मल, उपकरण, तथा प्रभावकारी बीमा प्रणालीको पहुँच अझै सीमित छ। उत्पादकदेखि उपभोक्तासम्मको सञ्जाल सशक्त बनाउनुपर्ने आवश्यकता छ। उता, पूर्वाधार निर्माणमा जग्गा अधिग्रहण, मुआब्जा वितरण, र वन सम्बन्धी कानुनी प्रक्रिया ढिलो हुनुका कारण योजनाहरू समयमा सम्पन्न हुन सकिरहेका छैनन्।

औद्योगिक पूर्वाधार निर्माण, वैदेशिक तथा स्वदेशी लगानी प्रवर्द्धन, र व्यवसायमैत्री वातावरण तयार गर्नु गण्डकी प्रदेशका लागि अर्को चुनौती हो। विद्यमान औद्योगिक ग्राम योजनाहरूलाई जीवन्त बनाउँदै रोजगारी सिर्जनामा रूपान्तरण गर्नु आवश्यक छ। यी सबै चुनौती पार गर्न प्रदेश

सरकारले स्पष्ट नीति, सुशासन, स्रोत परिचालन क्षमता, र तीनै तहबीचको समन्वयमा सुधार ल्याउनु अपरिहार्य छ।

# ८. निष्कर्ष र सुझाव

## ८.१ निष्कर्ष

गण्डकी प्रदेशले स्थापना पश्चातको सात वर्षको अवधिमा सङ्घीयता कार्यान्वयनका सन्दर्भमा उल्लेखनीय प्रगति हासिल गरेको छ । भौतिक पूर्वाधार निर्माण, शिक्षा, स्वास्थ्य, ऊर्जा, कृषि, पर्यटन तथा सामाजिक न्यायका क्षेत्रमा थुप्रै सकारात्मक उपलब्धिहरू देखिएका छन्। यातायात सञ्जाल विस्तार, विद्युत पहुँचको वृद्धिदर, डिजिटल प्रविधिको प्रयोग, सामाजिक सेवा सुधार, तथा जनउत्तरदायी कार्यक्रमहरूको आरम्भले प्रदेश विकासको सम्भावनालाई उजागर गरेको छ। तथापि, यी उपलब्धिहरूसँगै वित्तीय स्रोतको सीमितता, आन्तरिक राजस्व परिचालनमा कमजोरी, कर्मचारी व्यवस्थापन र समन्वय अभाव, तथा नीति निर्माणमा दलगत अस्थिरता जस्ता संरचनागत र प्रणालीगत समस्याहरूले समग्र विकासलाई अपेक्षित गतिमा लैजान कठिन बनाइरहेका छन्।

प्रदेश सरकारले नीतिगत सुधार, नयाँ प्रवर्द्धन कार्यक्रम, र विभिन्न साझेदारसँग सहकार्य विस्तारमार्फत सुशासन र प्रभावकारी कार्यान्वयनलाई प्राथमिकता दिएको छ। यस्ता प्रयासहरूले भविष्यमा दीर्घकालीन समृद्धिको आधार तयार गर्ने अपेक्षा गरिएको छ। प्रदेशको एकल अधिकार सूचीमा रहेको प्रदेश भित्रको राष्ट्रिय वन, विभिन्न किसिमका औद्योगिक तथा व्यापारमेला, महोत्सवबाट प्राप्त गर्नुपर्ने मनोरञ्जन दस्तुर, ढुङ्गा, गिट्टी, बालुवा लगायतका नदीजन्य पदार्थबाट संकलन गर्ने शुल्क, दस्तुर प्राप्त गर्न थप प्रयास गर्नुपर्ने देखिन्छ।

सङ्घीयताको मर्मअनुसार अधिकारको प्रयोग, स्रोतसाधनको अधिकतम उपयोग, प्रविधिमैत्री र नतिजामुखी प्रशासनको सुदृढीकरण, र समन्वययुक्त योजनागत सोचमार्फत गण्डकी प्रदेशलाई आत्मनिर्भर र समुन्नत बनाउने दिशामा अगाडि बढ्न सकिन्छ। तर, अस्थिर राजनीतिक परिवेश, औसतमा एक वर्षको मुख्यमन्त्री कार्यकाल, र दोहोरोपनयुक्त प्रशासनिक संरचनाले प्रदेशको प्रभावकारिता र जवाफदेहितामा चुनौती थपिरहेको छ।

## ८.२ सुझाव

गण्डकी प्रदेशलाई समृद्ध, सवल र दिगो बनाउन बहुआयामिक सुधार आवश्यक छ । यसका लागि केही महत्त्वपूर्ण सुझाव यस प्रकार छन् ।

- स्थानीय अर्थतन्त्रलाई सुदृढ बनाउन पर्यटन, कृषि, साना तथा मझौला उद्योगलाई प्रोत्साहन गर्ने ।
- हिमाली जिल्लाहरूमा जग्गाको नाप नक्साङ्कन गरी कृषि विकासका कार्यक्रम लागू गर्ने ।
- पर्यटन शुल्क, होमस्टे कर, र पारिस्थितिकीय सेवाका लागि भुक्तानी जस्ता नयाँ राजस्व स्रोत परिचालन गर्ने ।

- घरजग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, मनोरञ्जन कर, विज्ञापन कर, र पर्यटन शुल्क जस्ता क्षेत्रमा राजस्वको दायरा बढाउने ।
- पूर्वाधार विकासका लागि आवश्यक वित्तीय स्रोत जुटाउन सार्वजनिक-निजी साझेदारी बढाउने ।
- प्रदेश समन्वय परिषद्ले रचनात्मक भूमिका निर्वाह गरी सङ्घ, प्रदेश, र स्थानीय तहबीच समन्वय बढाउने ।
- विभाज्य कोष स्वचालित प्रणालीबाट बाँडफाँट गर्ने व्यवस्था गर्ने ।
- बजेट विनियोजन दक्षतापूर्ण बनाउन आयोजना बैंक प्रणालीको पूर्ण कार्यान्वयन गर्ने ।
- उत्पादन र उत्पादकत्व वृद्धि गर्न नतिजामूलक क्षेत्रमा अनुदान दिने व्यवस्था गर्ने ।
- विद्युतीय प्रणालीको उपयोग बढाएर राजस्व सङ्कलन प्रभावकारी बनाउने ।
- कानुनमा व्यवस्था नगरी कर तथा शुल्कमा छुट नदिने ।
- सङ्घीय सरकारबाट हस्तान्तरण हुने अनुदान र राजस्व बाँडफाँटको उत्पादनमूलक बनाउने ।

## सन्दर्भ सामग्रीहरुः


अर्थ मन्त्रालय । (२०८१) । *आर्थिक सर्वेक्षण, २०८१* । नेपाल सरकार ।

आर्थिक मामिला तथा योजना मन्त्रालय । (२०८२) । प्रदेश आर्थिक सर्वेक्षण आ.व. २०८१/०८२ । पोखरा : गण्डकी प्रदेश सरकार ।

आर्थिक मामिला तथा योजना मन्त्रालय । (२०७५) । *गण्डकी प्रदेश स्रोत नक्साङ्कन, २०७५* । पोखरा : गण्डकी प्रदेश सरकार ।

केन्द्रीय तथ्याङ्क कार्यालय । (२०७८) । *जनगणना प्रतिवेदन, २०७८* । काठमाडौँ : नेपाल सरकार ।

गण्डकी प्रदेश लोक सेवा आयोग । (२०८१) । *स्मारिका, २०८१* ।

गण्डकी प्रदेश सरकार । (२०८१) । *नीति तथा कार्यक्रम, आ.व. २०८१/८२* । पोखरा : गण्डकी प्रदेश सरकार।

गण्डकी प्रदेश सरकार । (२०८१) । *गण्डकी प्रदेशको दोस्रो पञ्चवर्षीय योजना (आ.व. २०८१/८२-२०८५/८६)* । पोखरा : गण्डकी प्रदेश सरकार ।

गण्डकी प्रदेश सरकार । (२०८०) । *गण्डकी प्रदेश सरकारका ६ वर्षका अनुभव र उपलब्धिहरू* । पोखरा : मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय ।

गण्डकी प्रदेश सरकार । (२०७६) । *गण्डकी प्रदेशको पहिलो पञ्चवर्षीय योजना (आ.व. २०७६/७७-२०८०/८१)* । पोखरा : गण्डकी प्रदेश सरकार ।

गण्डकी प्रदेश सरकार । (२०७५/२०८१) । *गण्डकी प्रदेशको स्थितिपत्र २०७५* । पोखरा : गण्डकी प्रदेश सरकार ।

नेपाल राष्ट्र बैंक । (२०८१) । *वार्षिक प्रतिवेदन, २०८१* । काठमाडौँ : नेपाल राष्ट्र बैंक ।

नेपाल सरकार । (२०७२) । *नेपालको संविधान* । नेपाल कानुन आयोग ।

प्रदेश नीति तथा योजना आयोग । (२०७९) । *गण्डकी प्रदेशको राजस्व सम्भावना तथा व्यवस्थापन अध्ययन, २०७९* । पोखरा : गण्डकी प्रदेश सरकार ।

महालेखा परीक्षकको कार्यालय । (२०८१) । *महालेखा परीक्षकको प्रतिवेदन, २०८१* । काठमाडौँ : नेपाल सरकार ।

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग । (२०७५) । *जानकारी पुस्तिका, २०७५* । काठमाडौँ : नेपाल सरकार ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय । (२०२१) । *मलेरिया माइक्रो-स्ट्राटिफिकेशन प्रतिवेदन, सन् २०२१* । काठमाडौँ : नेपाल सरकार ।

# अनुसूची

## अनुसूची - १

### गण्डकी प्रदेशको राजनीतिक तथा प्रशासनिक विभाजन

| | | स्थानीय सरकार | | | निर्वाचन क्षेत्र | |
|---|---|---|---|---|---|---|
| क्र.स. | जिल्ला | नगरपालिका | गाउँपालिका | वडा सङ्ख्या | प्रतिनिधि सभा | प्रदेश सभा |
| १ | म्याग्दी | १ | ५ | ४५ | १ | २ |
| २ | मुस्ताङ | ० | ५ | २५ | १ | २ |
| ३ | पर्वत | २ | ५ | ६१ | १ | २ |
| ४ | बाग्लुङ | ४ | ६ | ८५ | २ | ४ |
| ५ | मनाङ | ० | ४ | २८ | १ | २ |
| ६ | स्याङ्जा | ५ | ६ | ९७ | २ | ४ |
| ७ | गोरखा | २ | ९ | ९४ | २ | ४ |
| ८ | लमजुङ | ४ | ४ | ७५ | १ | २ |
| ९ | तनहुँ | ४ | ६ | ८५ | २ | ४ |
| १० | कास्की | १ | ४ | ७२ | ३ | ६ |
| ११ | नवलपरासी (ब.सु.पू) | ४ | ४ | ९२ | २ | ४ |
| जम्मा | ११ | २७ | ५८ | ७५९ | १८ | ३६ |

स्रोतः मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

## अनुसूची - २

### वर्तमान एवंम पूर्व मुख्यमन्त्रीको विवरण

| क्र.सं. | नाम, थर | अवधि (देखि-सम्म) | सम्बद्ध दल |
|---|---|---|---|
| १ | श्री पृथ्वीसुब्बा गुरुङ | २०७४/११/०४-२०७८/०२/२८ | नेपाल कम्युनिष्ट पार्टी (एमाले) |
| २ | श्री कृष्णचन्द्र नेपाली पोखरेल | २०७८/०२/२९- २०७९/०९/२५ | नेपाली काँग्रेस |
| ३ | श्री खगराज अधिकारी | २०७९/०९/२५- २०८०/०१/१४ | नेपाल कम्युनिष्ट पार्टी (एमाले) |

| क्र.सं. | नाम, थर | अवधि (देखि-सम्म) | सम्बद्ध दल |
|---|---|---|---|
| ४ | श्री सुरेन्द्रराज पाण्डे | २०८०/०१/१४- २०८०/१२/२५ | नेपाली काँग्रेस |
| ५ | श्री खगराज अधिकारी | २०८०/१२/२५- २०८१/०२/१६ | नेपाल कम्युनिष्ट पार्टी (एमाले) |
| ६ | श्री सुरेन्द्रराज पाण्डे | २०८१/०२/१६ देखि हालसम्म | नेपाली काँग्रेस |

स्रोतः प्रदेश सरकारका ७ बर्ष अनुभव र उपलब्धि

## अनुसूची - ३

## पहिलो मन्त्रीमण्डल विवरण

| पहिलो मन्त्रिपरिषद् गठन मितिः २०७४ साल फागुन ०४ गते। | | | |
|---|---|---|---|
| **क्र.सं.** | **नाम, थर** | **पद** | **कार्य विभाजन** |
| १ | श्री पृथ्वी सुब्बा गुरुङ | मुख्यमन्त्री | मुख्यमन्त्री तथा मन्त्रिपरिषद् |
| २ | श्री किरण गुरुङ | मन्त्री | आर्थिक मामिला तथा योजना मन्त्रालय |
| ३ | श्री हरि बहादुर चुमान | मन्त्री | आन्तरिक मामिला तथा कानून मन्त्रालय |
| ४ | श्री राम शरण बस्नेत | मन्त्री | भौतिक पुर्वाधार विकास मन्त्रालय |
| ५ | श्री नरदेवी पुन | मन्त्री | सामाजिक विकास मन्त्रालय |
| ६ | श्री विकास लम्साल | मन्त्री | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय |
| ७ | श्री लेख बहादुर थापा | मन्त्री | भूमिव्यवस्था कृषि तथा सहकारी मन्त्रालय |

## अनुसूची - ४

## वर्तमान मन्त्रीमण्डल विवरण

| वर्तमान मन्त्रिपरिषद् गठन मितिः २०८१ साल कार्तिक ५ गते | | | |
|---|---|---|---|
| **क्र.सं.** | **नाम, थर** | **पद** | **कार्य विभाजन** |
| १ | सुरेन्द्रराज पाण्डे | मुख्यमन्त्री | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्, उद्योग, पर्यटन, वन तथा वातावरण, |
| २ | पदमा जि.सी. श्रेष्ठ | मन्त्री | कृषि, भूमि व्यवस्था तथा सहकारी |
| ३ | विन्दुकुमार थापा | मन्त्री | सामाजिक विकास, युवा तथा खेलकुद |

| | | | |
|---|---|---|---|
| ४ | डा. टकराज गुरुङ | मन्त्री | आर्थिक मामिला, |
| ५ | कृष्ण प्रसाद पाठक | मन्त्री | स्वास्थ्य |
| ६ | मित्रलाल वस्याल | मन्त्री | उद्योग तथा पर्यटन |
| ७ | फणीन्द्र देवकोटा | मन्त्री | ऊर्जा, जलस्रोत तथा खानेपानी, |
| ८ | भेष बहादुर पौडेल | मन्त्री | वन तथा वातावरण |
| ९ | प्रकाश बहादुर के.सी. | मन्त्री | भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था, |

## अनुसूची - ५
## पहिलो पाँच वर्षे कार्यकालको विधेयकको अवस्था अधिवेशनगत सङ्ख्यात्मक विवरण

| अधिवेशन | अधिवेशन अवधि | विधेयक | | | |
|---|---|---|---|---|---|
| | | दर्ता | पारित | प्रमाणित | प्रमाणिकरण |
| पहिलो | २०७४/१०/२२ - २०७५/०१/२४ | ९ | ७ | ७ | ७ |
| दोस्रो | २०७५/०२/१६ - २०७५/०६/०८ | १३ | १२ | १२ | १२ |
| तेस्रो | २०७५/०९/२३ - २०७६/०१/०८ | ५ | ६ | ६ | ६ |
| चौथो | २०७६/०२/१५ - २०७६/०६/२६ | ६ | ६ | ६ | ६ |
| पाँचौ | २०७६/०९/२३ - २०७७/०१/२३ | ७ | १ | १ | १ |
| छैटौं | २०७७/०२/११ - २०७७/०६/२६ | ७ | १४ | १४ | १४ |
| विशेष | २०७७/०९/२१ - २०७७/१०/०६ | - | - | - | - |

| अधिवेशन | अधिवेशन अवधि | विधेयक | | | |
|---|---|---|---|---|---|
| | | दर्ता | पारित | प्रमाणित | प्रमाणिकरण |
| सातौं | २०७७/१२/२५ - २०७८/०१/०१ | ३ | - | - | - |
| विशेष | २०७८/०१/१३ - २०७८/०१/२७ | - | - | - | - |
| आठौं | २०७८/०२/१६ - २०७८/०६/०५ | ४ | ४ | ४ | ४ |
| नवौं | २०७८/११/२६ - २०७८/१२/२५ | ५ | ४ | ४ | ४ |
| दशौं | २०७९/०२/११ - २०७९/०५/०८ | ३ | ५ | ५ | ५ |
| जम्मा | | ६२ | ५९ | ५९ | ५९ |
| स्रोतः प्र देश सभा सचिवालय | | | | | |

## अनुसूची - ६
## पहिलो कार्यकालमा प्रदेशसभा सदस्यहरूको दलगत प्रतिनिधित्व

| अनुसूची : | |
|---|---|
| दलको नाम | सङ्ख्या |
| नेपाल कम्युनिष्ट पार्टी (एकिकृत मार्कसबादी लेलिनबादी) | २७ जना |
| नेपाली काँग्रेस | १५ जना |
| नेपाल कम्युनिष्ट पार्टी (माओबादी केन्द्र) | १२ जना |
| राष्ट्रिय जनमोर्चा | ३ जना |
| नयाँ शक्ति पार्टी | २ जना |
| जनता समाजवादी पार्टी नेपाल | २ जना |

| | |
|---|---|
| स्वतन्त्र | १ जना |
| जम्मा | ६० जना |
| स्रोतः प्रदेश सभा सचिवालय | |

## अनुसूची - ७
## दोस्रो कार्यकालमा प्रदेशसभा सदस्यहरूको दलगत प्रतिनिधित्व

| अनुसूची प्रदेशसभाको दोस्रो कार्यकालमा दलगत उपस्थिति | | |
|---|---|---|
| **क्र स** | **दलको नाम** | **सदस्य संख्या** |
| १ | नेपाली काँग्रेस | २७ जना |
| २ | नेपाल कम्युनिष्ट पार्टी (एकिकृत मार्कसबादी लेलिनबादी) | २२ जना |
| ३ | नेपाल कम्युनिष्ट पार्टी (माओबादी केन्द्र) | ८ जना |
| ४ | राष्ट्रिय प्रजातन्त्र पार्टी | २ जना |
| ५ | स्वतन्त्र | १ जना |
| कुल जम्मा | | ६० जना |

# अनुसूची - ८

## गण्डकी प्रदेश सभाको पहिलो कार्यकालमा पारित कानूनको सूची

| क्र.सं | कानुनको नाम |
|---|---|
| १ | प्रदेशस्तरका केही सार्वजनिक लिखत प्रमाणीकरण (कार्यविधि) ऐन, २०७४ |
| २ | स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७४ (खारेज) |
| ३ | प्रदेश नं. ४, प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४(खारेज) |
| ४ | प्रदेश सभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन, २०७४ |
| ५ | मन्त्रीहरुको पारिश्रमिक तथा सुविधा सम्बन्धी ऐन, २०७४ |
| ६ | प्रदेश विनियोजन ऐन, २०७५ (आ.व. २०७४/०७५) |
| ७ | स्थानीय तहको सभा सञ्चालन (कार्यविधि) ऐन, २०७५ |
| ८ | प्रदेश आर्थिक कार्यविधि (पहिलो संशोधन) ऐन, २०७५ (संशोधन ऐन) |
| ९ | कर तथा गैर कर राजश्व सम्बन्धी ऐन, २०७५ |
| १० | प्रदेश वित्त व्यवस्थापन ऐन, २०७५ |
| ११ | आर्थिक ऐन, २०७५ |
| १२ | विनियोजन ऐन, २०७५ (आ.व. ०७५/०७६) |
| १३ | प्रदेश आकस्मिक कोष ऐन, २०७५ |
| १४ | स्थानीय तहको कानून निर्माण प्रक्रिया सम्बन्धी ऐन, २०७५ |
| १५ | खोप सेवा (सञ्चालन तथा व्यवस्थापन)ऐन, २०७५ |
| १६ | प्रदेश दुग्ध विकास वोर्ड ऐन, २०७५ |
| १७ | मुख्य न्यायाधिवक्ताको काम,कर्तव्य र अधिकार तथा सेवाका शर्तसम्बन्धी ऐन, २०७५ |
| १८ | केही प्रदेश कानून संशोधन गर्ने ऐन, २०७५ (संशोधन ऐन) |
| १९ | गण्डकी प्रदेश प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ |
| २० | वर, पिपल, शमी र चौतारो संरक्षण ऐन, २०७५ |
| २१ | सहकारी ऐन, २०७५ |
| २२ | ताल संरक्षण तथा विकास प्राधिकरण ऐन, २०७५ |
| २३ | प्रदेश औद्योगिक व्यवसाय ऐन, २०७५ |
| २४ | गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान ऐन, २०७५ |
| २५ | सुर्तीजन्य पदार्थ(नियन्त्रण तथा नियमन) गर्ने ऐन, २०७६ |
| २६ | विनियोजन ऐन, २०७६ |
| २७ | आर्थिक ऐन, २०७६ |
| २८ | प्रदेश लोक सेवा आयोग ऐन, २०७६ |
| २९ | पारिश्रमिक र सुविधा सम्बन्धी केही प्रदेश कानूनलाई संशोधन गर्नेऐन, २०७६ |
| ३० | प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०७६ |
| ३१ | गण्डकी विश्वविद्यालयऐन, २०७६ |
| ३२ | प्रदेश सुशासन ऐन, २०७६ |
| ३३ | गण्डकी प्रदेश विज्ञान तथा प्रविधि प्रतिष्ठान ऐन, २०७६ |
| ३४ | प्रदेश वातावरण संरक्षण ऐन,२०७६ |
| ३५ | गण्डकी प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम प्रतिष्ठान ऐन, २०७६ |

| | |
|---|---|
| ३६ | गाँउसभा, नगरसभा र जिल्ला समन्वय समितिका सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७६ |
| ३७ | प्रदेश लोकसेवा आयोगका पदाधिकारीको पारिश्रमिक, सेवाको शर्त र सुविधा सम्बन्धी ऐन, २०७६ |
| ३८ | आर्थिक ऐन, २०७७ |
| ३९ | विनियोजन ऐन, २०७७ |
| ४० | प्रदेश विकास समिति ऐन, २०७७ |
| ४१ | प्रदेश सभा सचिवालय ऐन, २०७७ |
| ४२ | गण्डकी प्रज्ञा प्रतिष्ठान ऐन, २०७६ |
| ४३ | गण्डकी प्रदेश प्रहरी ऐन, २०७७ |
| ४४ | प्रदेश खेलकुद विकास ऐन, २०७७ |
| ४५ | प्रदेश कृषि व्यवसाय प्रवर्धन ऐन, २०७७ |
| ४६ | गण्डकी प्रदेश विकास प्राधिकरण ऐन, २०७७ |
| ४७ | विनियोजन ऐन, २०७८ |
| ४८ | आर्थिक ऐन, २०७८ |
| ४९ | गण्डकी प्रदेश प्राइभेट फर्म दर्ता ऐन, २०७८ |
| ५० | प्रदेश सभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक र सुविधा सम्बन्धी (पहिलो संशोधन) ऐन, २०७८ |
| ५१ | प्रदेश बालबालिका सम्बन्धी ऐन, २०७८ |
| ५२ | प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ |
| ५३ | गण्डकी प्रदेश सिँचाइ ऐन, २०७८ |
| ५४ | गण्डकी प्रदेश तथा स्थानीय तह (समन्वय तथा विवाद समाधान) ऐन,२०७८ |
| ५५ | विनियोजन ऐन, २०७९ |
| ५६ | आर्थिक ऐन, २०७९ |
| ५७ | गण्डकी प्रदेश खानेपानी तथा सरसफाई ऐन, २०७९ |
| ५८ | गण्डकी प्रदेश पर्यटन ऐन, २०७९ |
| ५९ | गण्डकी प्रदेश सूचनाको हक प्रचलन ऐन, २०७९ |

स्रोत: प्रदेश सभा सचिवालय

## अनुसूची - ९

## गण्डकी प्रदेश सभाको पहिलो कार्यकालको बिषयगत समितिका सभापति र गठन/पुनर्गठन

| सि. नं | समितिको नाम | गठन/पुनर्गठन भएको मिति | सभापतिको नाम | जम्मा बैठक सङ्ख्या |
|---|---|---|---|---|
| १ | विधायन समिति | २०७४/११/२७ | मा. मोहन प्रसाद रेग्मी | १५८ |
| | | २०७८/०५/३१ | मा. विष्णु प्रसाद लामिछाने | |
| २ | सार्वजनिक लेखा समिति | २०७४/१२/०६ | मा. कुमार खड्का | ४९ |
| | | २०७८/०५/३१ | मा. रोशन बहादुर गाहा थापा | |
| ३ | प्रदेश मामिला समिति | २०७४/१२/०६ | मा. कृष्ण थापा | ३७ |
| | | २०७८/०४/०५ | मा. खिम विक्रम शाही | |

| | | | | |
|---|---|---|---|---|
| ४ | अर्थ तथा विकास समिति | २०७४/१२/०६ | मा. दीपक कोइराला | ५० |
| | | २०७८/०५/३१ | मा. दीपक कोइराला | |

स्रोतः प्रदेश सभा सचिवालय, गण्डकी प्रदेश

## अनुसूची - १०

## गण्डकी प्रदेश सभाको दोस्रो कार्यकाल २०८१ फागुन मसान्तसम्म पारित कानूनको सूची

| क्र. सं | ऐनहरुको नाम |
|---|---|
| १ | विनियोजन (पहिलो संशोधन) ऐन, २०७९ |
| २ | केही गण्डकी प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७९ |
| ३ | गण्डकी प्रदेश निजामती सेवा ऐन , २०७९ |
| ४ | स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ |
| ५ | आर्थिक ऐन, २०८० |
| ६ | विनियोजन ऐन, २०८० |
| ७ | गण्डकी प्रदेश वन ऐन, २०८० |
| ८ | गण्डकी प्रदेश विउ विजन ऐन, २०८० |
| ९ | गण्डकी प्रदेश आमसञ्चार ऐन, २०८० |
| १० | गण्डकी प्रदेश प्राइभेट फर्म दर्ता(पहिलो संशोधन) ऐन, २०८१ |
| ११ | गण्डकी प्रदेश आर्थिक ऐन, २०८१ |
| १२ | गण्डकी प्रदेश विनियोजन ऐन, २०८१ |
| १३ | केही गण्डकी प्रदेश ऐन संशोधन गर्ने ऐन, २०८१ |

स्रोतः प्रदेश सभा सचिवालय, गण्डकी प्रदेश

## अनुसूची - ११

## प्रदेश सभाका सभामुखको विवरण

| क्र.सं. | नाम थर | अवधि (देखि-सम्म) | कैफियत |
|---|---|---|---|
| १ | श्री नेत्र नाथ अधिकारी | २०७४।११।०३ देखि २०७९।०५।२२ | प्रथम कार्यकाल |
| २ | श्री कृष्ण प्रसाद धिताल | २०७९।०९।३० देखि हालसम्म | दोश्रो कार्यकाल |

स्रोतः प्रदेश सभा सचिवालय, गण्डकी प्रदेश

## अनुसूची - १२

## प्रदेश सभाका उपसभामुख

| क्र.सं. | नाम थर | अवधि (देखि-सम्म) | कैफियत |
|---|---|---|---|
| १ | श्री सिर्जना शर्मा | २०७४।११।०६ देखि २०७९।०५।२२ | प्रथम कार्यकाल |
| २ | श्री विना कुमारी थापा | २०७९।१०।०२ देखि हालसम्म | दोश्रो कार्यकाल |

स्रोतः प्रदेश सभा सचिवालय, गण्डकी प्रदेश

## अनुसूची - १३

## गण्डकी प्रदेश सरकारबाट २०८१ फागुन मसान्तसम्म पारित नियमावलीको सूची

| क्र सं | नियमावलीको नाम |
|---|---|
| १ | प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ |
| २ | प्रदेश सरकार (कार्य सम्पादन) नियमावली,२०७४ |
| ३ | सहकारी नियमावली, २०७६ |
| ४ | गण्डकी प्रदेश बजार अनुगमन नियमावली,२०७६ |
| ५ | सार्वजनिक खरिद सम्बन्धी प्रदेश नियमावली, २०७६ |
| ६ | ताल संरक्षण तथा विकास प्राधिकरण नियमावली, २०७६ |
| ७ | प्रदेश विपद् व्यवस्थापन नियमावली, २०७७ |
| ८ | गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान नियमावली, २०७७ |
| ९ | गण्डकी प्रदेश खेलकुद विकास निमयावली, २०७८ |
| १० | गण्डकी प्रदेश लोक सेवा आयोग नियमावली, २०८० |
| ११ | प्रदेश सुशासन नियमावली, २०७७ |
| १२ | गण्डकी प्रदेश निजामती सेवा नियमावली, २०७९ |
| १३ | स्थानीय सेवा (गठन तथा सञ्चालन) नियमावली, २०८० |
| १४ | प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ |
| १५ | गण्डकी प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम प्रतिष्ठान आर्थिकप्रशासन नियमावली, २०७९ |
| १६ | गण्डकी प्रज्ञा प्रतिष्ठान नियमावली, २०७९ |
| १७ | गण्डकी प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम प्रतिष्ठान नियमावली, २०७९ |
| १८ | गण्डकी प्रदेश विज्ञान तथा प्रविधि प्रतिष्ठान नियमावली, २०७९ |
| १९ | गण्डकी प्रदेश प्राइभेट फर्म दर्ता नियमावली, २०७९ |
| २० | प्रदेश वातावरण संरक्षण नियमावली, २०७९ |
| २१ | गण्डकी प्रदेश विज्ञान तथा प्रविधि प्रतिष्ठान आर्थिक प्रशासन नियमावली, २०७९ |
| २२ | गण्डकी प्रदेश पर्यटन नियमावली, २०७९ |
| २३ | गण्डकी प्रदेश सवारी तथा यातायात व्यवस्था नियमावली, २०८० |
| २४ | गण्डकी प्रदेश औद्योगिक व्यवसाय नियमावली, २०८० |
| २५ | गण्डकी प्रदेश वन नियमावली, २०८१ |

स्रोतः कानुन तथा संवैधानिक मामिला महाशाखा, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

## अनुसूची १४

## वर्तमान प्रदेश सभा सदस्यको नामावली

| क्र.सं. | माननीयको नाम, थर | प्रतिनिधित्व गर्ने राजनीतिक दलको नाम | सम्पर्क फोन |
|---|---|---|---|
| १ | कृष्णप्रसाद पाठक | नेकपा (एमाले) | ९८५७६२०७७२ |

| | | | |
|---|---|---|---|
| २ | खगराज अधिकारी | नेकपा (एमाले) | ९८५६०२६८३५ |
| ३ | गणेशमान गुरुङ | नेकपा (एमाले) | ९८५१०२१९५९ |
| ४ | गोविन्दबहादुर नेपाली | नेकपा (एमाले) | ९८५७६२०३३८ |
| ५ | देवका पहारी (त्रिपाठी) | नेकपा (एमाले) | ९८५६०४९६१८ |
| ६ | नन्दकला दमै नेपाली | नेकपा (एमाले) | ९८४६०६७७८७ |
| ७ | निर्मला थापा | नेकपा (एमाले) | ९८४६१५९८२८ |
| ८ | पदमा जि.सी | नेकपा (एमाले) | ९८५७०४१०२८ |
| ९ | प्रकाशबहादुर के.सी. | नेकपा (एमाले) | ९८५१२०९२७७ |
| १० | बेदबहादुर गुरुङ | नेकपा (एमाले) | ९८५६०२०६६३ |
| ११ | भक्तबहादुर कुँवर | नेकपा (एमाले) | ९८५७६४५५२० |
| १२ | भिमबहादुर कार्की | नेकपा (एमाले) | ९८५६०५७७६६ |
| १३ | मित्रलाल वस्याल | नेकपा (एमाले) | ९८५७६३०७५५ |
| १४ | यशोदा रिमाल | नेकपा (एमाले) | ९८४६०७४१४७ |
| १५ | राजकुमारी भुजेल | नेकपा (एमाले) | ९८५६०१४०४४ |
| १६ | रोशनबहादुर गाहा थापा | नेकपा (एमाले) | ९८५७०४०७८५ |
| १७ | लक्ष्मणबहादुर पाण्डे | नेकपा (एमाले) | ९८५१२३५०९५ |
| १८ | लिलबहादुर थापा मगर | नेकपा (एमाले) | ९८५११२१८०५ |
| १९ | विनाकुमारी थापा | नेकपा (एमाले) | ९८४७६२८७५१ |
| २० | श्यामराजा महत | नेकपा (एमाले) | ९८६१६१०९६७ |

| | | | |
|---|---|---|---|
| २१ | सीताकुमारी सुन्दास | नेकपा (एमाले) | ९८५६०५३७७० |
| २२ | सुधिरकुमार पौडेल | नेकपा (एमाले) | ९८५६०३१४५० |
| २३ | कुशुम बुढा पुन | नेकपा माओवादी केन्द्र | ९८५७६३६७१३ |
| २४ | कृष्णप्रसाद धिताल | नेकपा माओवादी केन्द्र | ९८५६०२७९०४ |
| २५ | दमयन्ती रुचाल | नेकपा माओवादी केन्द्र | ९८६९९३७९५० |
| २६ | रेशमबहादुर जुग्जाली | नेकपा माओवादी केन्द्र | ९८४७६३३५९२ |
| २७ | सुशिला सिंखडा | नेकपा माओवादी केन्द्र | ९८४६०४६४२८ |
| २८ | हरिबहादुर चुमान | नेकपा माओवादी केन्द्र | ९८५६०२७६२१ |
| २९ | हरिबहादुर भण्डारी | नेकपा माओवादी केन्द्र | ९८५७६२३९९३ |
| ३० | फणीन्द्र देवकोटा | नेपाल समाजवादी पार्टी | ९८५११०१५१६ |
| ३१ | अशोककुमार श्रेष्ठ | नेपाली काँग्रेस | ९८५६०२३६५४ |
| ३२ | कल्पना तिवारी | नेपाली काँग्रेस | ९८५६०३०२४५ |
| ३३ | चम्पादेवी खड्का | नेपाली काँग्रेस | ९८५७६२००१० |
| ३४ | जितप्रकाश आलेमगर | नेपाली काँग्रेस | ९८५६०३०६५० |
| ३५ | जीतबहादुर शेरचन | नेपाली काँग्रेस | ९८५१२०६५४६ |
| ३६ | टकराज गुरुङ | नेपाली काँग्रेस | ९८५६०४५६४७ |
| ३७ | टिकाकुमारी बस्याल | नेपाली काँग्रेस | ९८४८४६२७१३ |
| ३८ | डिल्लीराम सुवेदी | नेपाली काँग्रेस | ९८५१०३७१३६ |
| ३९ | दिपेन्द्रबहादुर थापा | नेपाली काँग्रेस | ९८५७६२१५०७ |
| ४० | दिलमायाँ पौ.वि. | नेपाली काँग्रेस | ९८६७६२०३३५ |
| ४१ | द्रोणकुमार कुवँर | नेपाली काँग्रेस | ९८५१०२६४१७ |

| | | | | |
|---|---|---|---|---|
| ४२ | नन्दप्रसाद न्यौपाने | नेपाली काँग्रेस | ९८५१०४०३४९ | |
| ४३ | नम्डु गुरुङ | नेपाली काँग्रेस | ९८४६८१२३३३ | |
| ४४ | पार्वती तमाङ | नेपाली काँग्रेस | ९८५१२१०१७० | |
| ४५ | प्रकाश बराल | नेपाली काँग्रेस | ९८५६०३०४९४ | |
| ४६ | बिकल शेरचन | नेपाली काँग्रेस | ९८४६५८८३१३ | |
| ४७ | भेषबहादुर पौडेल | नेपाली काँग्रेस | ९८५६०२८६५२ | |
| ४८ | भोजराज अर्याल | नेपाली काँग्रेस | | ९८५६०४०२०१ |
| ४९ | महेन्द्रध्वज जि.सि. | नेपाली काँग्रेस | | ९८५१०१५९७५ |
| ५० | महेश भट्टराई | नेपाली काँग्रेस | | ९८५६०५०१८९ |
| ५१ | मुनिन्द्रजङ गुरुङ | नेपाली काँग्रेस | | ९८४६५८९५७८ |
| ५२ | रेखा गुरुङ | नेपाली काँग्रेस | | ९८४७६७३८११ |
| ५३ | विन्दुकुमार थापा | नेपाली काँग्रेस | | ९८५६०२४८४८ |
| ५४ | विमला गौचन | नेपाली काँग्रेस | | ९८५७६४००४२ |
| ५५ | सरस्वती अर्याल | नेपाली काँग्रेस | | ९८४१३६८९२४ |
| ५६ | सरस्वती गुरुङ | नेपाली काँग्रेस | | ९८५६०२६९७६ |
| ५७ | सुरेन्द्रराज पाण्डे | नेपाली काँग्रेस | | ९८५१०२४८३४ |
| ५८ | पंचराम गुरुङ | राष्ट्रिय प्रजातन्त्र पार्टी | | ९८५६०३२९६९ |
| ५९ | विन्दु अधिकारी (पहाडी) | राष्ट्रिय प्रजातन्त्र पार्टी | | ९८५११९४६५७ |
| ६० | राजिव गुरुङ | स्वतन्त्र | | ९८५६०१९७२९ |

स्रोतः प्रदेश सभा सचिवालय

# अनुसूची - १५

## मिति २०८० असार १५ गते गण्डकी प्रदेशको पोखरामा सम्पन्न अन्तर प्रदेश मुख्यमन्त्री बैठकबाट पारित साझापत्र

१. नेपाल प्रहरीको प्रदेशमा समायोजन हुन नसकेकोले शान्ति सुरक्षा कायम राख्न, विपद् व्यवस्थापनमा सुरक्षाकर्मी परिचालन गर्न र सुरक्षा निकायहरूसंग समन्वय गर्न समस्या भएकोले तत्काल प्रहरी समायोजन हुनुपर्ने।

२. सबै प्रदेशमा प्रदेशको निजामती सेवा ऐन बन्न नसकेको, प्रदेश निजामती सेवा ऐन निर्माण भएका प्रदेशमा समेत कार्यान्वयनमा बाधा भएको र कर्मचारीहरूको वृत्ति विकासमा अवरोध उत्पन्न भएकोले सङ्घीय निजामती सेवा ऐन छिटो जारी हुनुपर्ने।

३. प्रदेश सरकारका कार्यालयहरू रहेका भवन र भवन परिसरका जग्गाको स्वामित्व प्रदेश सरकारलाई प्राप्त नहुँदा थप संरचना निर्माण गर्न र आर्थिक प्रशासनिक काम व्यवस्थित गराउन समस्या देखिएकोले हाल प्रदेश सरकारले उपभोग गरिरहेका भवन र भवन परिसरको जग्गा प्रदेश सरकारको स्वामित्वमा आउनुपर्ने।

४. संघ सरकारले प्रदेशसंग समन्वय नगरी, सहमति नलिई कर्मचारी सरूवा गरी पठाइदिने गरेको कारणले प्रदेशलाई आवश्यक भएको कर्मचारी प्राप्त नहुने र आवश्यक नभएको कर्मचारी आइदिंदा कर्मचारी व्यवस्थापनमा कठिनाई भएकोले संघबाट कर्मचारी पठाउँदा प्रदेशको सहमतिका आधारमा पठाउने व्यवस्था हुनु पर्दछ। यसका लागि प्रदेशको कानूनबमोजिम जनशक्ति प्रयाप्त नहुँदासम्म संघबाट खटाइने प्रदेश सचिव र आ-आफ्नो प्रदेश भित्र पर्ने स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृत एकमुष्ट मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाई सोही कार्यालय मार्फत पदस्थापना गर्ने व्यवस्था मिलाइनुपर्ने।

५. संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ ले प्रदेशले संघसंग परामर्श गर्दा नेपाल सरकारको सम्बन्धित विषयको कार्यक्षेत्र रहेको मन्त्रालय मार्फत गर्ने प्रावधान भए पनि कतिपय सङ्घीय मन्त्रालयहरूबाट सो प्रावधानको पालना नभएकोले प्रदेशका मन्त्रालयहरूले ऐन बमोजिम सिधा सम्पर्क गर्न पाउनुपर्ने।

६. साझा अधिकार अन्तर्गतका विषयमा संघ सरकारबाट निर्माण हुनुपर्ने कानूनहरू निर्माण नहुँदा प्रदेश सरकारले कानून बनाउन नपाएको र एकल अधिकारका सूचीमा रहेका विषयहरू समेत सम्बन्धित संघीय कानून नहुँदा प्रदेश सरकारबाट निर्मित कानून कार्यान्वयनमा कठिनाइ भएकोले संघ सरकारबाट बन्नुपर्ने कानूनहरु शीघ्र निर्माण हुनुपर्ने।

७. तीनै तहका सरकारको कार्य जिम्मेवारी र अधिकार क्षेत्र पुनर्परिभाषित गरी कार्यविभाजनमा स्पष्टता ल्याउन कार्यविस्तृतीकरण प्रतिवेदन प्रदेश सरकारको सहभागितामा पुनरावलोकन गरी सोही बमोजिमको सङ्घीय कानुन तर्जुमा गर्नुपर्ने।

८. प्रदेश सरकारलाई विकास निर्माणका कार्य गर्न, औद्योगिक क्षेत्र निर्माण गर्न र सेवा प्रवाहका लागि संरचना निर्माण गर्न आवश्यक पर्ने जग्गाको प्राप्तिमा कानूनी समस्या रहेकोले प्रदेशले समेत जग्गा प्राप्त गर्न सक्ने गरी जग्गा प्राप्ति ऐनमा आवश्यक संशोधन गर्नु पर्ने।

९. स्थानीय तहबाट संकलन हुने नदिजन्य पदार्थ बिकी वितरण वापत प्रदेश सरकारलाई प्राप्त हुनुपर्ने राजस्व प्राप्तिमा कठिनाइ भएकोले स्थानीय सरकार सञ्चालन ऐनमा आवश्यक संशोधन गरी नदिजन्य पदार्थको विक्री वितरणबाट प्राप्त हुने राजस्व विभाज्य कोषमा दाखिला हुने व्यवस्था मिलाइनु पर्ने। साथै प्रदेशले नदीजन्य पदार्थको मापदण्ड निर्धारण गर्ने अधिकार प्राप्त गर्नुपर्ने।

१०. नेपालको संविधानले राष्ट्रिय वन व्यवस्थापनको अधिकार क्षेत्र प्रदेश अन्तर्गत राखेको भएपनि संघ सरकारबाट ऐन र नियमावली बनाउदा संघ सरकारकै मन्त्रालयको नियन्त्रणमा रहने गरी व्यवस्था गरिएको हुँदा त्यसरी संघ सरकारको नियन्त्रणमा रहने गरी बनाइएको कानूनमा संशोधन हुनुपर्ने।

११. सवारी चालक अनुमतिपत्र वितरण गर्ने सफ्टवयेर र सवारी साधनहरूको नामसारी गर्ने, नवीकरण गर्ने तथा कर, शुल्क उठाउने सफ्टवयेर संघ सरकारको नियन्त्रणमा रहेकोले प्रदेशबाट हुने सेवा प्रवाहलाई चुस्त, छरितो र प्रभावकारी बनाउन सकिएको छैन। तसर्थ यस सम्बन्धी सफ्टवयेर प्रदेश सरकारको नियन्त्रण र व्यवस्थापनमा सञ्चालन हुन आवश्यक छ। साथै सहरी क्षेत्र सार्वजनिक यातायात (व्यवस्थापन प्राधिकरण ऐन-२०७९) लाई तत्काल खारेज गरी साविकमा भइ रहेको व्यवस्थापकीय कार्य यथावत गरिनु पर्ने।

१२. प्रदेशमा प्राप्त हुने वित्तीय समानीकरण अनुदानको बजेट वृद्धि गर्नुपर्ने र नेपाल सरकारले प्रदेश तथा स्थानीय तहलाई सशर्त अनुदानका रुपमा उपलब्ध गराइएका आयोजनाहरुमा प्रदेश तथा स्थानीय तहबाट माग भएका आयोजनामा मात्र अनुदान उपलब्ध गराउनु पर्ने।

१३. राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिस बमोजिम नेपाल सरकारले सशर्त अनुदान उपलब्ध गराउँदा आयोजना भित्रका खर्च शीर्षक वा उपशीर्षक नै नतोकी त्यस किसिमको स्वायत्तता सम्बन्धित प्रदेशलाई नै हुने गरी क्षेत्रगत आयोजना वा कार्यक्रम र लक्ष्य अपेक्षित उपलब्धि जस्ता विषयहरु मात्र तोकेर एकमुष्ट अनुदान हस्तान्तरण गर्नुपर्ने।

१४. प्रदेशलाई सशर्त अनुदान तर्फ प्राप्त हुने बजेट कार्यान्वयन प्रक्रियामा रहेकै अवस्थामा संघ सरकारमा फिर्ता लगिदा काम शुरू भएका आयोजनाहरू अलपत्र पर्ने र काम सम्पन्न भएका आयोजनाहरूको भुक्तानी दिन समस्या पर्ने भएकोले सङ्घीय बजेटमार्फत घोषणा गरिएको सशर्त अनुदान फिर्ता गर्ने प्रवृत्ति रोकिनु पर्ने र सशर्त तर्फको बजेट आवश्यक ठाउँमा लैजान रकमान्तर गर्ने अधिकार प्रदेशमा प्रदान गरिनुपर्ने। साथै अन्तर सरकारी वित्त हस्तान्तरण ऐन २०७४ लाई

संशोधन गरी नेपाल सरकारले प्रदेश तथा स्थानीय तहलाई उपलब्ध गराउने वित्तीय हस्तान्तरणको वार्षिक न्यूनतम परिमाण ऐनमा नै स्पष्ट गरिनु पर्ने।

१५. सवारी साधन कर प्रदेशको अधिकार क्षेत्र अन्तर्गत पर्ने विषय भएता पनि सवारी साधनले ट्राफिक नियम उल्लघंन गर्दा प्रहरीले गर्ने जरिवाना वापतको रकम प्रदेश सञ्चित कोषमा जम्मा जुम्मा नहुँदा प्रदेशले प्राप्त गर्ने राजस्व प्राप्त हुन नसकेकोले ट्राफिक जरिवाना वापतको रकम प्रदेश सञ्चित कोषमा जम्मा हुने व्यवस्था मिलाउनु पर्ने।

१६. स्थानीय कच्चा पदार्थमा आधारित मदिरा उत्पादन र ब्रान्डिङ गर्ने अधिकार प्रदेशलाई दिनु पर्ने।

१७. प्रदेश भित्र कार्यान्वयन हुने गरी सञ्चालित वा प्रस्तावित ठूला आयोजनाको छनोट चरण देखि कार्यान्वयन तहसम्म आयोजना व्यवस्थापनको क्रममा आवश्यक लगानी मैत्री वातावरण निर्माण र समन्वय गर्न प्रदेश सरकारको समेत भूमिका रहनु पर्ने।

# केही फोटोहरू




फोटोः फेडरलिजम् एण्ड लोकलाईजेसन सेन्टरको गण्डकी प्रदेश सँगको अन्तरक्रिया



फोटोः प्रभात फेरीमा बाँयाँबाट क्रमश प्रमुख सचिव रघुराम विष्ट, पूर्वमुख्यमन्त्री एवंम ने.क.पा. एमाले संसदीय दलका नेता माननीय खगराज अधिकारी, माननीय मुख्यमन्त्री सुरेन्द्रराज पाण्डे, माननीय सभामुख कृष्णप्रसाद धिताल, सामाजिक विकास मन्त्री विन्दुकुमार थापा लगायतका पदाधिकारी




फोटोः चक्लाबन्दी कार्यक्रम, घाचोक कास्की



फोटोः धान दिवसमा मुख्यमन्त्री सुरेन्द्रराज पाण्डे